# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२२ | काठमाडौं | बिहीबार, ९ चैत २०७९ | Prabhab National Daily | Thursday, March 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**अजिमा जात्रा** | काठमाडौंको अति व्यस्त बजार असन चोकमा बुधवार लुमरी अजिमा (भद्रकाली), ओतु अजिमा र कंग अजिमाको जात्रा गरिँदै । हरेक वर्ष घोडेजात्राको भोलिपल्ट यो जात्रा गर्ने प्रचलन रहेको छ ।

*तस्बिरः रत्न श्रेष्ठ/रास*

# तिब्बती शरणार्थीलाई नेपाली नागरिकता !

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** एक समूहले नक्कली कागजात पेस गरेर तिब्बती शरणार्थीलाई सक्कली नागरिकता बनाएको खुलेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी कीर्ते गरी नागरिकता निकाल्ने पाँच जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ।

पक्राउ पर्नेमा झापाका कृष्णबहादुर कटुवाल, भक्तपुर घर भई काठमाडौं बस्ने न्युल्केश श्रेष्ठ, मोरङका हीरालाल शिवाकोटी, तनहुँका लोब्साङ ठिन्ले र जिल्ला प्रशासन कार्यालयमा क्यान्टिन चलाएर बस्ने विजय लामा रहेको प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए।

> गैरनेपालीलाई सक्कली नेपाली नागरिकता दिलाउन प्रतिव्यक्ति तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म रकम लिने गरेको खुलासा । ५०० भन्दा बढी व्यक्तिलाई नागरिकता दिलाएको अनुमान ।

उनका अनुसार उनीहरूको साथबाट नक्कली नागरिकता, विभिन्न शैक्षिक संस्थाको शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, जन्मदर्ता, बसाइँसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद, वडा कार्यालयको सिफारिसलगायतका महत्त्वपूर्ण अन्य विविध कागजात, कीर्ते गर्न प्रयोग हुने वडा कार्यालयको छाप तथा दस्तखत, नक्कली कागजात पेस गरी बनाइएको गैरनेपालीले प्राप्त गरेको सक्कलै नागरिकता बरामद गरिएको छ।

उनीहरूलाई नागरिकता ऐन तथा लिखतसम्बन्धी कसूरमा आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी परिसर टेकु पठाइएको प्रहरी उपरीक्षक राठौरले जानकारी दिए। पक्राउ परेका कृष्णबहादुर कटवाल मुख्य योजनाकार भएकोसमेत प्रहरीले जनाएको छ । उनले विगत १० वर्षदेखि लाइसेन्स र दर्ताविना नै लेखापढी गर्ने कार्य गर्दै आएका थिए । उनी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट तिब्बती शरणार्थीको सक्कलै नेपाली नागरिकता बनाउने क्रममा विभिन्न व्यक्तिलाई नक्कली बाबुको रूपमा उपस्थित गराई सनाखत गराउन गैरकानुनी कार्यमा संलग्न रहेको पाइएको छ।

कटवालले न्युल्केशलाई मिङछुङ शेर्पा नामको नक्कली नेपाली नागरिकता बनाई हरेक पटक १० हजार रूपैयाँ दिई भाडामा नक्कली बाबुको रूपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उपस्थित गराई सनाखत गराउने गरेको प्रहरीले जानकारी दिएको छ।

न्युल्केशले हालसम्म तिब्बती व्यक्ति सोनाम छोडेन, टासी शेर्पा, यशोदा शेर्पा, नाम्से शेर्पालगायतको सक्कलै नागरिकता बनाउन नक्कली बाबु बनी सहयोग गरेको पाइएको छ । कटवालले त्यसरी कीर्ते कागजात तयार गरी गैरनेपालीलाई (**बाँकी पृष्ठ ३ मा**)

# मन्त्रालय भागबण्डाको सकसमा गठबन्धन

- मन्त्रालय भागबण्डाबारे गठबन्धनमा छलफल
- भागबण्डा प्याकेजमै टुंग्याउने प्रयासमा दलहरु

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सकिएसँगै गठबन्धन मन्त्रिपरिषद् विस्तारमा केन्द्रित भएको छ । गठबन्धनका मुख्य चार दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीका शीर्ष नेताहरूले मन्त्रालय भागबण्डाबारे छलफल थालेका छन्।

बुधबार साँझ पनि यी चार दलका शीर्ष नेताहरूको बैठक प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा बस्यो । बैठकपछि प्रधानमन्त्री पुष्पकमल दाहालका स्वकीय सचिव रमेश मल्लले सैद्धान्तिक रूपले मन्त्रिपरिषद् विस्तारको विषयले बैठकमा प्रवेश पाएको बताए । तर, बैठकमा भने नेताहरूबीच मन्त्रालय बाँडफाँटबारे कुनै सहमति हुन सकेन । यसबारे थप छलफल गर्न आज पनि बैठक बस्दै छ।

'सैद्धान्तिक रूपमा मन्त्रिपरिषद् विस्तारले गठबन्धन बैठकमा प्रवेश पाएको छ,' मल्लले गठबन्धन बैठकपछि पत्रकारहरूसँग भने, 'बैठकमा सबै विषय टुंगिएको छैन । भोलि (बिहीबार) फेरि बैठक बस्ने भएको छ । क्रमैसँग टुंग्याउने भन्ने छ।'

> हाम्रो बटमलाइन भनेको आठ–नौ वटा मन्त्रालय हो । दलीय हैसियत मन्त्रालय बाँडफाँटको आधार बनाइनुपर्छ । यसो हुँदा सबै दललाई न्याय मिल्छ ।
>
> ■ **भीष्मराज आङ्देम्बे**
> सहमहामन्त्री, नेपाली कांग्रेस

---०००---

> सरकारमा कति दल सहभागी हुने भन्ने टुंगो छैन । प्रदेशहरु पनि मिलाउन पर्नेछ । प्याकेजमै मिलाउने भन्ने छ । यसमा नेताहरु एकमत पनि हुनुहुन्छ ।
>
> ■ **रमेश मल्ल**
> प्रधानमन्त्रीका स्वकीय सचिव

बैठकमा प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव सहभागी थिए।

उनीहरू संघीय मन्त्रालयसँगै प्रदेश सरकार पुनर्गठनको विषय 'प्याकेज'मै टुंग्याउन एकमत पनि देखिए । मल्लले थप भने, 'सरकारमा कति दल सहभागी हुने भन्नेबारेमा टुंगो छैन । प्रदेशहरू पनि मिलाउन पर्नेछ । प्याकेजमै मिलाउने भन्ने छ। यसमा नेताहरू एकमत पनि हुनुहुन्छ।'

हाल मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको दल माओवादी र डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको जनमत पार्टी मात्रै छन् । १० पुसमा दाहाल प्रधानमन्त्री नियुक्त भएपछि भने उनले ११ पुसमा नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनमत पार्टीलाई समेट्दै मन्त्रिपरिषद् विस्तार गरेका थिए। तर, मध्य माघमा सरकारदेखि रास्वपा, १३ फागुनमा राप्रपा र १७ फागनुमा एमाले बाहिरिए।

रास्वपा सरकारबाट बाहिरिनुको कारण उक्त दलका सभापति तथा तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नागरिकतासम्बन्धी मुद्दाले पद गुम्यो । पुनः नागरिकता प्राप्तीको प्रक्रिया पूरा नगरेको भन्दै सर्वोच्च अदालतले दोषी ठहर गरेपछि उनको (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा रहेका नेपाली सामाजिक सुरक्षाको दायरामा

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगार रहेका नेपालीहरूलाई पनि सामाजिक सुरक्षा योजनामा समेटेको छ। बुधबार बृहत् कार्यक्रम आयोजना गरी उनीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यको थालनी गरेको हो। प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको कार्यक्रममा वैदेशिक रोजगारीको सिलसिलामा इजरायलमा रहेकी मञ्जु थपलिया कोषमा आबद्ध हुने पहिलो श्रमिक भएकी छन्। विदेशमा रहेका ४० लाखभन्दा बढी श्रमिक तथा स्वरोजगार नेपालीहरूलाई विशेष महत्त्वकासाथ यस योजनामा समेट्न थालिएको कोषले जनाएको छ । यस योजनाबाट विदेशमा रहेका लाखौं नेपाली लाभान्वित हुने अपेक्षा गरिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयकोसमेत जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा योजनाको दूरगामी महत्त्व रहेको बताए। उनले बाध्यताबस विदेशिनु परे पनि विदेशमा रहेका सम्पूर्ण नेपालीप्रति उत्तिकै माया र सद्भाव रहेको बताए । 'अहिले विश्वका जुनसुकै मुलुकमा भए पनि नेपालीहरूले देशको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका छन्,' प्रधानमन्त्री दाहालले भने, 'यस कार्यक्रममार्फत विदेशमा रहेका सम्पूर्ण नेपालीलाई सामाजिक सुरक्षाको दायरामा ल्याई कहीँ न कहीँ देशसँग जोडिरहन र राज्य साथैमा छ भन्ने भावना दिलाउने प्रयास गर्न पाएकोमा विशेष हर्षित छु।'



- विदेशमा रहेका ४० लाखभन्दा बढी नेपालीलाई कोषमा समेट्ने लक्ष्य
- चार वर्षभित्र सबैलाई कोषमा आबद्ध गराइसक्ने दाबी
- श्रमिकले मासिक दुई हजार २०० रूपैयाँ कोषमा जम्मा गर्नुपर्ने

उत्पादनशील जनशक्तिलाई स्वदेशमा नै रोजगारी दिनुपर्ने र वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्नुपर्ने जिम्मेवारी सरकारको भएको उनले बताए। सरकार अहिले त्यही बाटो अघि बढेको उनको भनाइ छ । राज्यले दिने सामाजिक सुरक्षाको दायरा फराकिलो हुँदै गएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै युवाहरूलाई यस दूरगामी महत्त्वको योजनामा सहभागी भई लाभान्वित हुन र सुरक्षित महसुस गर्न आह्वान गरे।

उनले यस योजनाको सफल कार्यान्वयनका लागि निजी क्षेत्र सबै ट्रेड युनियन, गैरआवासीय नेपाली संघ (एनआरएनए) र सम्पूर्ण नेपालीहरूको साथ सहयोग रहने विश्वास व्यक्त गरे।

प्रधानमन्त्री दाहालले रोजगारीका लागि विदेश जाने युवालाई कुनै पनि किसिमले दुःख दिने, ठगी गर्ने, ढिलासुस्ती गर्ने कार्य स्वीकार्य नहुने चेतावनी दिए। 'अब दुःख दिने, दुःख पाउने दिन गए। अब सबैको सम्मान हुनेछ, सबैको आत्मसम्मानमा बढोत्तरी हुनेछ, यहाँहरूको योगदानको कदर हुनेछ,' उनले भने। विदेशमा रहेका श्रमिकहरूको ज्ञान, सीप, पुँजी र प्रविधि देशको हितका निम्ति प्रयोग गर्ने सरकारको प्राथमिकता र प्रतिबद्धता रहेकोसमेत उनले बताए। (**बाँकी पृष्ठ २ मा**)

## एनआरएनएले गऱ्यो स्वागत

**काठमाडौं (प्रस)–** गैरआवसीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगार रहेका नेपालीलाई लक्षित गरी सामाजिक सुरक्षा योजना ल्याइनु उपलब्धिपूर्ण भएको बताएको छ । संघले लामो समयदेखि उठाउँदै आएको महत्त्वपूर्ण मुद्दा सम्बोधन भएको भन्दै स्वागत गरेको छ।

संघका अध्यक्ष कूल आचार्यले लामो समयदेखि गरेको पहल सफल भएको भन्दै खुसी व्यक्त गरे । वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न सरकारसँग सहकार्य गर्न तयार रहेको उनले बताए । पेन्सनसहित अन्य सुविधासमेत पाइने योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा श्रमिकलाई सूचीकृत गराउन सुरु गरेपछि गुणात्मकरूपमा श्रमिकको संख्या बढ्ने अचार्यको भनाइ छ।

अर्का अध्यक्ष रविना थापाले संघको निरन्तर प्रयास र नेपाल सरकारसँगको निकट सहकार्यको प्रतिफलका रूपमा वैदेशिक रोजगारी र स्वरोजगार रहेका श्रमिकले पेन्सनसहितको सुविधा पाउनेगरी सामाजिक सुरक्षा योजना आएको भन्दै स्वागत गरिन्। उनले लाखौं नेपाली यस योजनाबाट लाभान्वित हुने विश्वास व्यक्त गरिन् । महिलाहरूलाई सुरक्षा योजनामा अहिले तोकिएको भन्दा कम रकम योगदान गराउने व्यवस्था गर्न पनि उनले माग गरिन्।



## वैदेशिक रोजगारीमा...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहालले वैदेशिक रोजागारीका लागि नयाँ-नयाँ अवसर र गन्तव्यको खोजी गर्ने मन्त्रालयको तयारीलाई समेत आफूले प्रोत्साहित गर्दै आएको बताए । श्रम सम्झौता हुन बाँकी देशहरूसँग सम्झौता गर्ने, भइसकेका सम्झौतालाई समयसापेक्ष बनाउने कार्यलाई अगाडि बढाइने प्रधानमन्त्रीको प्रतिबद्धता छ। उनले विदेशमा रहेका नेपालीको हकहित, सुविधा बढोत्तरी गर्ने र त्यसबाट हुने लाभलाई गुणात्मक रूपमा बढाउने विषयमा सरकारको प्राथमिकता रहेको जानकारी दिए।

वैदेशिक रोजगारीमा जाने नेपालीहरूको हकमा श्रम मन्त्रालयले लामो समयदेखि डिजिटल लेबर एडमिनिस्ट्रेसनको अभ्यास गर्दै धैरै हदसम्म समस्या समाधान हुँदै गएको उनले बताए । आगामी दिनमा थप श्रमिकमैत्री सेवा प्रवाह गर्ने र दुःख पाउने अवस्थाबाट पूर्णरूपमा मुक्ति दिलाउन प्रधानमन्त्री दाहालले मन्त्रालयका अधिकारीहरूलाई निर्देशन दिए। उनले हाल अध्यागमनमा हुने रोजगारीका लागि श्रम स्वीकृति लिएर जाने युवाप्रति गरिने फरक व्यवहार र व्यवस्था अन्त्य भएको बताए । सरकारको प्राथमिकता जनतामुखी सेवा प्रवाह नै हो भन्ने विश्वास दिलाउँदै वैदेशिक रोजगारीमा गएका नेपालीको भवितव्यमा परी मृत्यु भएमा प्राप्त गर्ने कल्याणकारी सुविधामा समयसापेक्ष पुनरवलोकनका साथै राहत, उद्धारमा तदारुकता अपनाउँदै केही दिनभित्रै 'टेलिमेडिसिन सेवा' पनि आरम्भ गर्ने उनले जानकारी दिए।

सरकारका मुख्य सचिव शंकरदास वैरागीले अनौपचारिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउन कोषले खेलेको भूमिका नयाँ सुरुआत भएको बताए । उनले कोषको दायरा विस्तार गरेर सरकारको दायित्वलाई कम गर्दै लैजान उदेश्यअनुरूप सामाजिक सुरक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए। मुख्यसचिव वैरागीले विदेशमा रोजगार तथा स्वरोजगार गरिरहेका गैरआवासीय नेपालीको सीप र पुँजीलाई समेत नेपालको समृद्धिमा लागाउन सरकारले सहजीकरण गरिरहेको बताए । उनले सम्पूर्ण नेपालीलाई कुनै न कुनै रूपमा सामाजिक सुरक्षा योजनामा समेट्न सकिएको खण्डमा जो कोहीले अप्ठेरो पर्दा कोषबाट आवश्यक सहयोग लिने र जीवनको उत्तरार्द्धमा सहज आर्थिक व्यवस्थापनमा टेवा मिल्ने बताए।

कोषका अध्यक्ष एवं श्रमसचिव एकनारायण अर्यालले ठूलो संख्यामा विदेशमा रहेका नेपालीहरूले सामाजिक सुरक्षा योजनाबाट आफू र आश्रित परिवारलाई लाभान्वित बनाउन सहयोगी भूमिका खेल्ने बताए। श्रम मन्त्रालय र मातहतका सबै निकाय विद्युतीय प्रणालीमा गइसकेको भन्दै उनले वैदेशिक रोजगारी र स्वरोजगारमा रहेका नेपालीले सजिलै सामाजिक सुरक्षा योजनामा सहभागी हुनसक्ने जानकारी दिए । यस योजनाले रेमिटचान्स आप्रवाहमा वैधानिक बाटो प्रयोग गर्न प्रोत्साहन गर्ने उनको भनाइ छ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले वैदेशिक रोजगारीमा गएका ४० लाख नेपालीलाई कोषमा ल्याउने योजना रहेको बताए। 'श्रमिकले मासिक दुई हजार २०० रूपैयाँ कोषमा बचत गरेर विभिन्न सुविधा लिन सक्ने छन्,' उनले भने, 'अझै पनि थप सुविधाहरू उपलब्ध गराउन अध्ययन, छलफल र सरोकारवालाहरूसँग परामर्श भइरहेको छ ।' श्रमिकले कोषमा योगदान गरेको रकममध्ये ७०० रूपैयाँ श्रमिककै कल्याणकारी कार्यका लागि प्रयोग हुने र अरु सबै रकम श्रमिकको बचतसरह रहने छ । निश्चित अवधिपश्चात् उक्त रकम भुक्तानी हुने बताए । कोष सञ्चालन भएयता (२०७६ सालबाट) अहिलेसम्म ३० अर्ब रूपैयाँ कोषमा संकलन भइसकेको र चार अर्ब रूपैयाँ दाबी भुक्तानीसमेत गरिसकेको ज्ञवालीले जानकारी दिए । उनले चार वर्षभित्र विदेशमा रोजगारी तथा स्वरोजगार रहेका सबै नेपालीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने लक्ष्यका साथ काम गरिरहेको बताए । साथै, आगामी वैशाख १ देखि अनौपचारिक क्षेत्रमा रहेका श्रमिक र स्वरोजगार व्यक्तिहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइने ज्ञवालीले जानकारी दिए।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने कार्यले उनीहरूलाई ठूलो राहत मिल्ने बताए । देशको कूल गार्हस्थ उत्पादनमा रेमिटचान्सको हिस्सा २५ प्रतिशत हाराहारीमा रहेको भन्दै उनले विदेशमा रहेर यति धेरै योगदान गर्ने नेपालीको भविष्य सुरक्षित गर्नु राज्यको दायित्व भएको र यस योजनाले धेरै हदसम्म सहयोग पुग्ने बताए । कोषले सुरु गरेको योजनाले रेमिटचान्स वैधानिकरूपमा आउन सहयोग गर्नुका साथै डलर सञ्चितिमासमेत योगदान पुग्ने विश्वास व्यक्त गरे।

## मन्त्रालय...

पृष्ठ १ बाट जारी

सांसद पद, उपप्रधान तथा गृहमन्त्री र पार्टी सभापति पद एकसाथ गुमेको थियो । यद्यपि, उनले प्रक्रिया पूरा गरेर जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिएपछि पुनः गृहमै फर्कन चाहेका थिए । तर, प्रधानमन्त्री दाहालले उनलाई गृहमन्त्री दिन अस्वीकार गरे। त्यसपछि आक्रोशित हुँदै रविले सरकारबाट सबै मन्त्रीलाई फिर्ता बोलाएका थिए। सरकारलाई दिएको समर्थन भने कायमै राखेको थियो।

एमाले र राप्रपा भने राष्ट्रपतिअघि प्रधानमन्त्री दाहालले नै गठबन्धनको मर्मविपरीत अघि बढेको भन्दै सरकारबाट अलग भएका थिए । १३ फागुनमा राप्रपा र १७ फागुनमा एमाले सरकारबाट बाहिरिए।

अहिले गठबन्धनका सबै घटकलाई समेट्दै मन्त्रिपरिषद् विस्तार गर्न लागिएको छ । गठबन्धनको ठूलो दल कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले कांग्रेसले कम्तीमा आठ मन्त्रालय लिने बताए। उनले मन्त्रालय बाँडफाँटको आधार दलीय हैसियतलाई बनाउनुपर्नेमा पनि जोड दिए । तर, दलहरूलाई समेट्ने क्रममा कांग्रेस आफूले गरेको दाबीमा लचक हुने पनि उनको भनाइ छ।

'सीधा हाम्रो बटमलाइन भनेको आठ-नौ मन्त्रालय हो । यसमा पनि लचक छौं । दलीय हैसियत मन्त्रालय बाँडफाँटको आधार बनाइनुपर्छ। यसो हुँदा सबै दललाई न्याय मिल्छ,' आङ्देम्बेले भने।

प्रतिनिधिसभाको ठूलो दल कांग्रेसले १०, सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले प्रधानमन्त्रीसहित ५, एकीकृत समाजवादी र जसपाले तीन/तीन मन्त्रालयमा दाबी गर्दै आएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टीले दुई/दुई, नेपाल समाजवादी पार्टी र आम जनता पार्टीले एक-एक मन्त्रालय दाबी गरिरहेका छन्। यी विवरणको आधारमा गठबन्धनलाई सबैभन्दा चुनौती भनेकै मन्त्रालय भागबण्डामा हुने देखिएको छ।

सहमहामन्त्री आङ्देम्बे गठबन्धनमा धेरै दल रहेका कारण मन्त्रिपरिषद् विस्तार ढिला हुने बताउँछन् । 'क्यालेण्डर हेरेर त भन्न सकिँदैन । तर, मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुन्छ । किनभने वर्तमान गठबन्धनमा धेरै दल छन्,' उनले भने।

गठबन्धनका दलहरूबीच विकासे, बजेट धेरै भएका, शक्तिको खेल हुने र जनतासँग प्रत्यक्ष ठोक्किने मन्त्रालय लिने भन्नेमा होडबाजी छ । प्रधानमन्त्री दाहाल भने जसरी पनि मन्त्रिपरिषद् विस्तार १० चैतसम्ममा गरिसक्ने पक्षमा देखिन्छन् । तर, भर्खर मन्त्रिपरिषद् विस्तारको प्रस्तावले प्रवेश पाएको छ । यसले गर्दा सहमहामन्त्री थापाले भनेजसरी मन्त्रिपरिषद् विस्तार ढिलाइ हुने देखिएको हो।

यसअघि एमालेसहितको गठबन्धनमा जसपाले सरकार आउनै चाहेन । एक नेताका अनुसार भने मन्त्रिपरिषद् विस्तारमा भागबण्डालाई लिएर जसपा असन्तुष्ट भएकाले सरकारमा नगएको हो।

रञ्जिता श्रेष्ठ चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा) पनि त्यसबेला सरकारमा गएन। यतिबेला भने एमाले, राप्रपासँगै नेपाल मजदुर किसान पार्टीबाहेकका दलहरू सरकारमा जाने देखिएको छ।

हाल प्रधानमन्त्री दाहालले अधिकांश मन्त्रालयको नेतृत्व गरिरहेका छन्। बजेटसहितको नीति कार्यक्रमलाई कार्यान्वयन गर्ने बेलामा दाहालको काँधमा मन्त्रालयको चाङ लागेको हो । सोही कारण उनले मन्त्रिपरिषद् विस्तार छिटो गर्नुपर्नेमा जोड दिँदै आएका हुन्।

### काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित २०७९/१२/०९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.ब.२०७८/२०७९ मा संकलन गरी समूहको घाटगद्दीमा भएको गोलिया काठ यस समूहका उपभोक्ता सदस्यहरुमा खपत भई छिमेकी समूहका उपभोक्ताहरुलाइ बिक्री भै बाँकी रहेको काठको लागि यस समूहबाट प्रथम पटक सूचना प्रकाशित गर्दा कसैको पनि टेण्डर नपरेको हुँदा घाटगद्दीमा मौज्दात रहेको सालको विभिन्न ग्रेडको काठ ५२ थानको ५८७.५८ क्युफिट काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धि कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.ब.उ.स कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दीको बोलपत्र १६ औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री भुर्काभुर्की सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा. वडा नं.-१०, कैलाली

**गल्छी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाग्मती प्रदेश, धादिङ, नेपाल**

**प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धि सार्वजनिक सूचना**

**प्रथम पटक सूचना प्रकाशितः २०७९/१२/०९**

बाग्मती प्रदेश, गल्छी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धादिङद्वारा निम्न बमोजिमको प्रस्ताब कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | गल्छी गाउँ कार्यपालिकाको कार्यालय, धादिङ<br>फोन : ९८५११०५९८८२, +९७७-०१०-४०३१६०<br>इ-मेल : galchhigapa@gmail.com |
| प्रस्तावको व्यहोरा | गल्छी गाउँपालिका अन्तर्गत ट्रमा सेन्टर निर्माण तथा संचालन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | धादिङ जिल्ला, गल्छी गाउँपालिका, वडा नं ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिबेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक तथा परिस्थितिकिया प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न आयोजना क्षेत्रभित्र पर्ने नगरपालिका, वडा कार्यालय, वडा समिति, विद्यालय, स्वास्थ संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहाय उल्लेखित ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| गल्छी गाउँपालिका, धादिङ, बाग्मती प्रदेश<br>फोन : ९८५११२९१७६,+९७७-६१-५२११०५<br>इ-मेल : galchhigapa@gmail.com | समुन्नती इन्जिनियरिंग कन्सल्टेन्सी प्रा लि<br>फोनः ९८४७५३०९७२, ९८५१०१९२९७<br>इ-मेल : samunnati.org.rb@gmail.com |


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EUROLLENCE INDUSTRY SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No.283059 चलानी नं. ६०१९८५६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator for Factory | 1 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PLAXTRON INDUSTRIAL (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No.283060 चलानी नं. ६०१९८५६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator for Factory | 3 | 2 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CS MANUFACTURER SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No.282998 चलानी नं. ६०१९८५४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TSS METAL INDUSTRY (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No.282999 चलानी नं. ६०१९८५४०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

... अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd. श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

## कतारमा रोजगार AMERICAN KITCHEN, QATAR, DOHA पुनः विज्ञापन

पुर्व स्विकृति मितिः २०७८।११।२७ चलानी नं. ६०१७५८१२ LT No. 259316

| सि.नं. | कामदारको पद | पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | QR | N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | काममा दक्ष | 1100 | 39929 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | [illegible] |
| 2 | Labourer | 1 | 0 | | 1000 | 36299 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्होर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्होर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०७९ चैत्र १६ गते (30 March 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUNGEI ABONG NURSERY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 266635 चलानी नं. ६०१८२५८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 20 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SYARIKAT TENAGA (GEMAS) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 262218 चलानी नं. ६०१७८४६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1200 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HEHE VENTURES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 276051 चलानी नं. ६०१९१९२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 25 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HOCK BOON FARMING
पूर्व स्वीकृति मिति २०७९/१०/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 280113 चलानी नं. ६०१९५६८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 50 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू ... विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य ... दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) ... अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD. श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदी/कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFRAH ALI HUSSEIN AL YAMI INDUSTRAL FACTORY
पूर्व स्वीकृति मिति २०७९/११/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 281607 चलानी नं. ६०१९७२७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Company Cleaning Labour | 10 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : SASS DEVELOPMENT CONTRACTING COMPANY BRANCH
पूर्व स्वीकृति मिति २०७९/०९/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 279465 चलानी नं. ६०१९४९९९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 3 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : YASSER ABDULLAH A-JUHANI TRANSPORT EST
पूर्व स्वीकृति मिति : २०७९/१२/०८ LT. No. 283165 चलानी नं. ६०१९८५२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : HAKIM PHARMACEUTICAL INDUSTRIES CO. LTD
पूर्व स्वीकृति मिति : २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 282448 चलानी नं. ६०१९७९६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PHARMASIST | 1 | 0 | 3250 | ११२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : NEW TOP CHOICE CLEANING
पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 278935 चलानी नं. ६०१९४४३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ९०,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,300 | | | | | | |
| 3 | Marketing | 1 | 0 | 3500 | १२७,0४५ | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५४,४५० | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 2000 | ७२,६00 | | | | | | |

कम्पनी : RAZA GENERAL MAINTENANCE
पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT No.277332 चलानी नं.६०१९२८९६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fabricator | 5 | 0 | 1100 | ३९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य ... विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET Target Consultant Human Resources Pvt. Ltd. श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAFIA SALEH AL - HARITH TRADING EST
पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No. 283192 चलानी नं. ६०१९८५१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Reliance Recruitment Services Pvt. Ltd. श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np


**बलेफी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**आशयपत्र सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९।१२।०९**

यस गाउँपालिकाको वडा न ७ को सिमासिङ खानेपानी निर्माणको लागि लोकप्रिय समाचार दैनिक राष्ट्रिय पत्रिकामा मिति २०७९/११/०२ मा प्रकाशित सूचना नं. ***BRM/NCB-09/2079-080*** अनुसार यस कार्यालयमा रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये **श्री प्रसन्शा निर्माण सेवा चौतारा सिन्धुपाल्चोकको** बोलपत्र न्यूनतम मूल्यांकित (**PS र मु.अ.क. बाहेक रु. 2950931.35)** सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

# तनहुँ-१ मा उपनिर्वाचन तयारी

**दमौली (प्रस)**– तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनका लागि मिति घोषणा गरिएसँगै राजनीतिक चहलपहल सुरु भएको छ। निर्वाचन आयोगले तनहुँ-१ मा आगामी वैशाख १० गते उपनिर्वाचन घोषणा गरेसँगै राजनीतिक चहलपहल सुरु भएको हो।

क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएसँगै रिक्त भएको यो क्षेत्रमा निर्वाचन आयोगले उपनिर्वाचन गर्न लागेको हो। रिक्त हुने प्रतिनिधिसभा सदस्य पदमा नेपालको संविधानको धारा, ८४ को उपदफा (७) बमोजिम प्रतिनिधिसभा कार्यकाल छ महिनाभन्दा बढी बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट निर्वाचित भएको हो सोही प्रक्रियाबाट पूर्ति गरिने व्यवस्था रहेबमोजिम यो क्षेत्रमा उपनिर्वाचन हुन लागेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए।

निर्वाचन प्रयोजनका लागि निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई बुधबारदेखि यही चैत १२ गतेसम्म नेपालको संविधानको धारा, २७१ तथा राजनीतिक दलसम्बन्धी ऐन २०७३ बमोजिम दफा ४८ र ४९ बमोजिम दल दर्ता गर्ने समय उपलब्ध गराउने निर्णय भएको छ।

उपनिर्वाचनका लागि तनहुँमा चैत १८ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिनेछ । त्यस्तै, २० गते उम्मेदवारी दर्ताको कार्यक्रम छ। चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरी निर्वाचन चिह्न प्रदान गरिनेछ।

उपनिर्वाचनका लागि निर्वाचन कार्यालयले आवश्यक तयारी थालिसकेको छ। निर्वाचन कार्यालयका प्रमुख ढकालले उपनिर्वाचनको मिति तोकिएसँगै आवश्यक तयारीका काम सुरु गरिएको जानकारी दिए।

गत मंसिर ४ गतेसम्म तनहुँ-१ मा एक लाख २३ हजार ४९० मतदाता थिए। निर्वाचनमा ६६ हजार ९६५ मत खसेकामा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार पौडेल २५ हजार ३१८ मत प्राप्त गरी विजयी भएका थिए । प्रतिस्पर्धी नेकपा एमालेका एकबहादुर रानाले १९ हजार ९४३ मत प्राप्त गरेका थिए।

उपनिर्वाचनका लागि नेपाली कांग्रेसबाट केन्द्रीय सदस्य गोविन्द भट्टराई, पूर्वपार्टी सभापति रघुनाथ पौडेल, संविधानसभा सदस्य रामचन्द्र पोखेल आकांक्षी छन् । दुईपटक पार्टीको केन्द्रीय सदस्य हुँदा पनि आफूले अवसर नपाएकाले यो पटक आफूले टिकट पाउने केन्द्रीय सदस्य भट्टराईले बताए । भट्टराईले केही दिनअघिदेखि नै गाउँगाउँमा पुगेर मतदाता भेटघाट गरिसकेका छन् ।

'पार्टीका सभापति शेरबहादुर देउवासँग पनि भेट गरिसकेको छु, उनले उपनिर्वाचनको तयारी गर्नु भनिसक्नुभएको छ, मैले टिकट पाउनेमा कुनै शंका छैन,' उनले भने । पूर्वपार्टी सभापति पौडेलले तीन कार्यकाल जिल्लाको नेतृत्व गरेकाले आफूले टिकट पाउनुपर्ने भन्दै लबिङ थालेका छन् । आफूले अहिलेसम्म अवसर नपाएकाले एकपटक अवसर पाउनुपर्ने भन्दै उनी राजधानीमा नेताहरूसँग भेटघाटमा लागिसकेका छन् ।

संविधानसभा सदस्य पोखेलले वि.सं. २०४६ सालदेखि बहुदलीय व्यवस्था आएदेखि नै प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचन लड्ने चाहना रहेको बताए । 'अहिलेसम्म मैले प्रत्यक्ष निर्वाचन लड्ने अवसर पाएको छैन, यो पटक नेतृत्वले आफूलाई टिकट दिनेमा विश्वस्त छु,' पोखेलले भने ।

नेकपा एमालेका तर्फबाट राना, रामबहादुर गुरुङ, किरण गुरुङलगायत आकांक्षी छन् । गत मंसिरमा निर्वाचन लडेर पराजित भएका रानाले पार्टीले निर्णय गरेको खण्डमा उपनिर्वाचनमा उम्मेदवार बन्ने बताए ।

नेकपा एकीकृत समाजवादी उपनिर्वाचनमा दाबी गर्ने निर्णय गरेको छ । पार्टीका जिल्ला अध्यक्ष श्रीराम कार्कीको अध्यक्षतामा सम्पन्न बैठकले मंसिर ४ गतेको निर्वाचनमा तत्कालीन गठबन्धनलाई विजयी गराउन खेलेको भूमिकाका आधारमा उपनिर्वाचनमा आफूहरूले उक्त सिट पाउनुपर्ने निष्कर्ष निकालेको छ ।

तनहुँ-१ बाट निर्वाचित तत्कालीन प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले गठबन्धनमा उक्त निर्वाचन क्षेत्र छाडेर बारा गएको र पौडेल राष्ट्रपतिमा निर्वाचित भइसकेकाले अब उपनिर्वाचनमा नेकपा (एस) का तर्फबाट उम्मेदवारी दाबी गर्ने निर्णय भएको जिल्ला अध्यक्ष कार्कीले बताए । *रासस*

## तिब्बती...

पृष्ठ १ बाट जारी

सक्कली नेपाली नागरिकता दिलाउन प्रतिव्यक्ति तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म रकम लिने गरेको खुलेको छ ।

नागरिकता लिएका अन्य २५/३० जनाको सक्कलै नागरिकतामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरूको समूहले अहिलेसम्म ५०० भन्दा बढी व्यक्तिलाई यस्तै प्रक्रियाबाट नागरिकता दिलाएको प्रहरीको अनुमान छ । कटवाल यसअघि ठगी मुद्दामा कारबाही भोगिसकेका व्यक्ति भएको प्रहरीले जानकारी दिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/०७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/०८ LT. No. 259699 चलानी नं. ६०१९२४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 22 | 0 | 1000 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ZAHRAN OPERATION AND MAINENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/०८ LT. No. 280323 चलानी नं. ६०१९५८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 6 | 0 | 1000 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASNUD TRADING COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०८ LT. No. 283163 चलानी नं. ६०१९८५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 5 | 0 | 1000 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL MARSAH SEAFOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No. 283088 चलानी नं. ६०१९८५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 2 | 0 | 1000 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHABA CONTRACTING COMPANY LTD ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/१२ पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No. 278031 चलानी नं. ६०१९३७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 21 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Maintenance Mechanic Assistant. | 3 | 0 | 1200 | ४२,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLACK COFFEE RESTAURANT CO.

पुर्व स्वीकृति मिति २०७९/१२/०८ LT No :283080 चलानी नं. ६०१९८५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER/WAITER | 6 | 6 | 130 | ५६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EDIT BEAUTY SALOON COMPANY FOR LADIES

पुर्व स्वीकृति मिति २०७९/१२/०८ LT No :283067 चलानी नं. ६०१९८५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 120 | ५१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hairdresser/manicure/pedicure/beautician | 0 | 9 | 150 | ६४,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OERLIKON BALZERS COATING MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No. 282971 चलानी नं. ६०१९८५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAFDAN DELIVERY CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 278682 चलानी नं. ६०१९४२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reporter | 20 | 0 | 130 | ५६,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DELIVERY PLUS COMPANY TO DELIVER CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०७९/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 279460 चलानी नं. ६०१९४९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grocery Distributer | 15 | 0 | 140 | ५९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Driver | 90 | 0 | 140 | ५९,३३५ | | | | | | | |
| 3 | Reporter | 15 | 0 | 140 | ५९,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALI GURANS WEDDING ORGANIZING CO.L.L.C

पूर्व स्वीकृति मिति: २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 271780 चलानी नं. ६०१८७४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1000 | ३४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter/waitress | 15 | 0 | 1200 | ४१,५२० | | | | | | | |

कम्पनी : GREAT CARE TRADING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति: २०७९/०७/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ LT. No. 274925 चलानी नं. ६०१९०५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 4 | 0 | 3000 | १०९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 3 | Executive Sales | 1 | 0 | 2100 | ७६,८३५ | | | | | | | |
| 4 | General Clean Worker | 2 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 5 | Labour | 1 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 6 | Waiter | 5 | 0 | 1700 | ६२,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com


# बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### रामपुर, बाँके, लुम्बिनी प्रदेश

## फोहोरमैला व्यवस्थापन कार्यक्रम संचालन गर्न नीजि क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रको लागि आशय पत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०७९/१२/९**

यस गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक क्षेत्र, निजी क्षेत्र र विभिन्न संघ संस्थाहरूबाट उत्सर्जन हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरि वाताबरण र बिकास बिच सन्तुलन कायम गर्न, प्राकृतिक श्रोत, वाताबरण र जैबिक बिबिधताको संरक्षण गर्न तथा बैजनाथ गाउँपालिकालाई स्वच्छ, स्वस्थ र हराभरा राख्न वाञ्छनीय भई फोहोरमैला ब्यबस्थापन गर्न ईच्छुक नीजि क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तपशिलको सर्तको अधिनमा रही आशयपत्र आव्हान गरिएको छ । सो कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक नीजि क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०७९/१२/२३) कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ ।आशय पत्रको विस्तृत विवरण यस गाउँपालिकाको वेवसाइट www.baijanathmun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यलयबाट प्राप्त गर्न सकिन्छ ।इच्छुक योग्यता पुगेका नीजि क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ । म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन । आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्यांकन गरिनेछ ।

**आशय पत्र साथ संलग्न हुनुपर्ने कागजातहरू**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. पुगेका निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रको दर्ता, नवीकरण, करचुक्ता, विगतको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर, प्रमाण पत्र,
५. साझेदारीको लागि आवश्यक कम्तिमा ३०% बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरूको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी ज्ञ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१०. विगत वर्षमा काम गरेको भए समान प्रकृतिको काम र स्थानको विवरण ।
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।
१२. आशयपत्रमा साथ संलग्न हुनुपर्ने माथी उल्लेखित कागजातहरू संलग्न भई सवैभन्दा वढी साझेदार गर्ने पुगेका निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्र लाई छनोट गरिनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## स्वागतयोग्य कदम

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले सुरु गरेको सामाजिक सुरक्षा कोषको दायरा विस्तार हुँदै गएको छ । सामाजिक सुरक्षा योजनाअन्तर्गत सुरु गरिएको कोषको सेवा प्रभावकारी बन्दै जाँदा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई पनि यसमा समेट्न थालिएको छ । बुधबार प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा रहेकाहरूलाई कोषमा आबद्ध गराउने कार्यको थालनी गरेको हो । यो कार्यले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका साथै मुलुकको लागि पनि लाभ हुने देखिन्छ ।

वैदेशिक रोजगारीमा रहेका ४० लाखभन्दा बढी नेपालीलाई कोषमा समेट्ने लक्ष्य सरकारले लिएको छ । यसलाई सकारात्मक कदम मान्नुपर्छ । यो योजनाले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई कोषको विभिन्न सुविधा उपयोग गर्ने अवसर दिलाउनेछ । आर्थिकरूपमा उनीहरूको भविष्य सुनिश्चित गर्ने कार्यमा पनि यसले महत्त्वपूर्ण योगदान पुऱ्याउने निश्चित छ । यसले गर्दा भविष्यमा स्वदेशमा फर्कंदासमेत उनीहरूले आफ्नो बचतबाट लाभ लिन सक्ने छन् । साथै, स्वास्थ्य उपचारलगायतका सुविधासमेत पाउने छन् ।

अर्कोतर्फ राज्यलाई पनि यसबाट फाइदा पुग्नेछ । वैदेशिक रोजगारीमा रहेका सबै नेपालीहरूलाई यसमा समेट्न सके उनीहरूबाट ठूलो रकम नियमित नेपाल भित्रिनेछ । विदेशी मुद्रा भित्र्याउन तथा विदेशी मुद्राको सञ्चिति बढाउनसमेत सहयोगी बन्ने निश्चित छ । साथै, विदेशमा रहेका नेपालीहरूलाई वैधानिक च्यानलमार्फत रकम पठाउन प्रेरित गर्न पनि यसले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

वैदेशिक रोजगार नेपालीहरूको बाध्यता बनेको छ । स्वदेशमा रोजगारीको अवसर नहुँदा विदेशिनुपर्ने बाध्यता कायमै छ । यसरी विदेशिएका नेपालीहरूले पठाउने रेमिटेन्सले मुलुकको अर्थतन्त्र धानेको छ । नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी)को करिब २५ प्रतिशत हिस्सा रेमिटेन्सले ओगटेको छ । त्यसले यो क्षेत्र अर्थतन्त्रको प्रमुख खम्बाको रूपमा रहेको छ । यसै कारण पनि वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको भविष्य सुरक्षित बनाउन यस्ता कार्यक्रमको आवश्यकता पर्दछ ।

सरकारले सुरु गरेको यो अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरुरी छ । विगतको अन्य योजना जस्तै कार्यान्वयन फितलो हुने हो भने यसको अर्थ रहँदैन । विदेशमा रहेका श्रमिकहरूलाई यस योजनाबारे प्रस्टरूपमा जानकारी गराउन आवश्यक छ । उनीहरू स्वतःस्फूर्तरूपमा कोषमा आबद्ध हुने अवस्था सिर्जना गर्न सके कार्यक्रमले सार्थकता पाउने छ । अकोतर्फ कोषलाई थप मजबुत बनाउन पनि सहयोग पुग्नेछ । त्यसैले यो योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवाला सबै निकायलाई परिचालन गर्न जरुरी छ ।

# भावि मार्गचित्र देखाउँदै निर्वाचन वर्षको मैझारो



प्रकाश सिलवाल

आगामी दिनमा निर्वाचनको मितिजस्ता विषयलाई कानुनमै स्पष्ट गरौ भन्नेतिर आयोग अग्रसर देखिएको छ । स्थानीय तहको निर्वाचनमा मनोनयन दर्ता गर्दा बहालवालाले राजीनामा दिनुपर्छ भन्ने मान्यता पनि यस वर्ष स्थापित भएको छ । निर्वाचनमा सुशासन कायमका लागि उम्मेदवारहरूले स्वघोषणा गर्नुपर्ने प्रावधान लागू भएको छ । निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सरकारी पेस्की, बेरूजु तिर्न बुझाउन बाँकी नरहेको, कुनै जिन्सी वा नगद बुझाउन बाँकी नरहेको, प्रचलित कानुनबमोजिम कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बुझाउन बाँकी नरहेको भनी स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

मुलुकमा यस वर्षका लागि तोकिएका सबै निर्वाचन सकिएर सम्बन्धित तह र पदले नयाँ नेतृत्व पाइसकेको छ । यही चैत ३ गते उपराष्ट्रपतिको निर्वाचनबाट उक्त पदमा रामसहायप्रसाद यादव निर्वाचित भएसँगै घोषित निर्वाचन कार्यक्रमको मैझारो भएको छ ।


मुलुकका तीनवटै तहका आवधिक निर्वाचनलाई नियमित गराउन सफल वर्ष २०७९ को समीक्षाका आधारमा आगामी निर्वाचनलाई अझ व्यवस्थित बनाउन निर्वाचन आयोग अग्रसर देखिएको छ । हुन त वि.सं. २०७४ मा पनि तीनवटै तहका निर्वाचन एकै वर्ष भएको थियो । तर, उक्त वर्ष स्थानीय तहको निर्वाचन दुई चरणमा भएकामा यस वर्ष एकै चरणमा सम्पन्न भएको छ। नेपालको निर्वाचन इतिहासमा वि.सं. २०५६ पछि एकै चरणमा निर्वाचन भएको यो नै पहिलो मानिएको छ ।

नेपालको निर्वाचनसम्बन्धी इतिहास प्रजातन्त्रको स्थापनापूर्वदेखि जोडिएको छ। 'नेपालको अन्तरिम शासन विधान, २००७'ले संविधान परिषद्को निर्वाचन गर्न सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्ने आफ्नो मूलभूत उद्देश्य राख्नुले संविधानः निर्वाचनको प्रबन्धको थालनी भएको मान्न सकिन्छ । पहिलोपटक निर्वाचनका लागि मतदाताको नामावली तयार गर्ने र मुलुकमा एक निर्वाचन आयोगको व्यवस्था गर्ने व्यवस्था उक्त संविधानले स्पष्टरूपमा गरेको थियो ।

तत्कालीन राजा महेन्द्र शाहबाट २०१९ सालमा नेपालको संविधानमा दलविहीन पञ्चायती प्रणालीमा आधारित शासन प्रणालीको घोषणा भएपछि लागू पञ्चायती संविधानअन्तर्गत पनि निर्वाचन आयोगलगायत विविध निकाय तथा प्रावधानको व्यवस्था गरिएको थियो । नेपालको संविधानमा २०२३ सालमा गरिएको पहिलो संशोधनले निर्वाचन आयोगलाई संवैधानिक अंगका रूपमा स्थापना भएको देखिन्छ । त्यसपछिका संविधानमा आयोगका प्रबन्ध हुँदै आएको छ ।

नेपालको संविधानको भाग २४ धारा २४५ मा आयोगलाई संवैधानिक निकायका रूपमा स्थापित गरिएको छ। संविधान तथा संघीय कानुनमा भएको व्यवस्थाबमोजिम आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी निर्वाचनमार्फत नागरिकको मताधिकारलाई निर्वाध उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नेपालको संविधानको प्रस्तावनामा उल्लेखित बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, जनतामा नीहित सार्वभौमसत्ता, संघीय लोकतान्त्रिक गणतन्त्र, मानवअधिकार, नागरिक स्वतन्त्रता, बालिग मताधिकार र आवधिक निर्वाचनलाई संस्थागत गर्न निर्वाचन एक महत्त्वपूर्ण आधारस्तम्भ हो । नेपालको संविधान एवं कानुनले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनोट गर्ने अधिकार सुनिश्चित गरेका सन्दर्भमा प्रत्येक बालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचनसम्बन्धी सूचना प्राप्त गर्ने तथा हरेक नागरिकको छान्ने र छानिने अधिकारको प्रत्याभूति गर्न निर्वाचन आयोग क्रियाशील रहँदै आएको छ ।




संविधानको भाग २४ धारा २४६ मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था रहेको छ । संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेशसभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु आयोगको प्रमुख कार्य हो । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्यसमेत निर्वाचन आयोगले गर्दछ । संविधान र संघीय कानुनबमोजिम राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रह गराउने, राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय आयोगले गर्ने गर्दछ ।

निर्वाचन आयोगबाट २०७३ मा प्रकाशित 'नेपालको निर्वाचन इतिहास' पुस्तकमा उल्लेख भएअनुसार नेपालमा निर्वाचन प्रक्रियाको आरम्भ सर्वप्रथम स्थानीय निकायकै निर्वाचनबाट भएको थियो । वि.सं. २००४ जेठ ३ गते तत्कालीन श्री ३ को घोषणाबाट मुलुकभरमा निर्वाचित नगरपालिका खडा गर्ने र त्यसमा मतदानबाट प्रतिनिधि छान्ने, प्रतिनिधि छान्दा सोच विचारपूर्वक असल, अनुभवी र लायक प्रतिनिधि छानी मुलुकको उत्थानमा सहयोगी हुन आवश्यक छ भनिएको थियो ।

वि.सं. २००४ जेठ २९ मा सर्वप्रथम काठमाडौंका सहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैं छान्नका लागि मताधिकारको प्रयोग गरी प्रतिनिधि छानेका थिए । काठमाडौंमा मात्र निर्वाचित म्युनिसिपलिटी खडा भएको थियो । नेपालको निर्वाचन इतिहासमा यस निर्वाचनलाई हालसम्मकै पहिलो र ऐतिहासिक निर्वाचन मानिएको छ। त्यसयता पञ्चायत र बहुदलकालमा विभिन्न तह र चरणमा निर्वाचन सम्पन्न भए ।

वि.सं. २०४७ को संविधान लागू भएपछिका अधिकांश निर्वाचन एकै चरणमा सम्पन्न हुन नसकेको इतिहासका आधारमा हेर्दा वर्ष २०७९ का स्थानीय तहको निर्वाचन वैशाख ३० गते, प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको मंसिर ४ गते मुलुकभर एकै चरणमा शान्तिपूर्ण र उत्साहपूर्णरूपमा सम्पन्न भएको छ । निर्वाचनमा कुनै पनि दलको बहुमत नआएपछि संघ सरकारमा गत पुस १० गते विभिन्न दलको समर्थनमा पुष्पकमल दाहाल नियुक्त भए भने प्रदेश सरकारमा सरकार गठन भए । यसै वर्ष माघ २५ गते लुम्बिनी प्रदेशको रिक्त एक सदस्यका लागि राष्ट्रिय सभाको उपनिर्वाचन भयो भने फागुन २५ गते राष्ट्रपतिको निर्वाचन भई नयाँ राष्ट्रपति रामचन्द्र पौडेलले कार्यभार सम्हालिसकेका छन् । चैत ३ गते निर्वाचित उपराष्ट्रपति यादवले चैत ६ गते शपथग्रहण गरी कार्यभार सम्हालिसकेका छन् ।

नेपाल सरकारबाट २०७९ साल साउन १९ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन मिति २०७९ मंसिर ४ गते आइतबार देशैभर एकै चरणमा सम्पन्न गर्नेगरी मिति घोषणा भएको थियो । निर्वाचन सम्पन्न गर्न सामान्यतः १२० दिनको अवधि आवश्यक हुनेमा उपलव्ध १०७ दिनको समयसीमाभित्रै निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । यस निर्वाचनअन्तर्गत प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सदस्य गरी कूल २७५ सदस्य निर्वाचित भएका छन्। प्रदेशसभातर्फ पहिलो हुने निर्विचत हुने निर्वाचन प्रणालीअन्तर्गत ३३० सदस्य निर्वाचित भएका छन् भने समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत २२० सदस्य गरी कूल ५५० सदस्य निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दलले निर्वाचन आयोगमा निवेदन पेस गरी दल दर्ता गर्नुपर्ने संवैधानिक व्यवस्थाबमोजिम दल दर्ताका लागि निवेदन पेस गर्न २०७९ भदौ १७ गतेभित्र जम्मा ८६ वटा राजनीतिक दलले निवेदन पेस गरेका थिए । प्रतिनिधिसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ राजनीतिक दलले भाग लिएका थिए भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ दलले बन्दसूची पेस गरेका थिए । निर्वाचन सम्पन्न भएपश्चात् १२ राजनीतिक दलले प्रतिनिधिसभामा विजय हासिल गरेका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ नियमावलीअनुरूप निर्वाचन व्यवस्थापनको सिलसिलामा सम्पन्न गर्नुपर्ने विभिन्न कार्य प्रक्रियालाई निर्देश गर्न आयोगबाट विभिन्न मितिमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, मतदान तथा मतगणना निर्देशिका, अनुगमन निर्देशिका, निर्वाचन आचारसंहितालगायतका आवश्यक निर्देशिका तथा कार्यविधि जारी कार्य सम्पन्न भएको थियो ।

आयोगले अन्तिम मतदाता नामावलीमा नाम रहेका र २०७९ मंसिर ३ गते १८ वर्ष उमेर पुगेका मतदाताको संख्या एक करोड ७९ लाख ८८ हजार ५७० नामावली स्वीकृत गरेको थियो । यस नामावलीमा ८८ लाख ४७ हजार ५७९ (४९.१८ प्रतिशत) जना महिला ९१ लाख ४० हजार ८०६ (५०.८२ प्रतिशत) पुरुष र १८५ (०.०१ प्रतिशत) अन्य मतदाता दर्ता भएका थिए । आयोगले २०७९ भदौ ३१ गते १० हजार ८९२ मतदानस्थल र २२ हजार २२७ मतदान केन्द्र रहनेगरी निर्णय गरेको थियो ।

त्यसैगरी आयोगले १४१ अस्थायी मतदान केन्द्र तोकेको थियो भने चार लाख ५० हजार अस्थायी मतदाता स्वीकृत गरिएको थियो । आयोगले सातै प्रदेशका १० जिल्लाका १८ स्थानीय तहमा १०० मतदानस्थलका ३९२ वटा मतदान केन्द्रलाई अपांगतामैत्री बनाएको थियो । कतिपय मतदान केन्द्रमा आवश्यकताअनुसार ह्वीलचेयरको पनि व्यवस्था गरिएको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१.४१ प्रतिशत मतदान र ५.०६ प्रतिशत बदर भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ ६१.८५ प्रतिशत मतदान भएकामा ५.०९ प्रतिशत बदर भएको देखिएको छ। मतदानको प्रतिशत अपेक्षा गरिएभन्दा कम हुनु र पाँच प्रतिशतको हाराहारीमा मत बदर हुनुलाई शासन पद्धति र निर्वाचनप्रतिको मतदाताको सहभागिता र मतदाता शिक्षा सञ्चालनका सम्बन्धमा चुनौती देखिएका निर्वाचन समीक्षाका क्रममा उठाइएको छ ।

आयोगले मंसिर ४ गते एकैचरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फको निर्वाचन परिणाम मंसिर २८ गते सार्वजनिक गरेको थियो भने मंसिर २९ गते मतपरिणामसहितको निर्वाचन परिणाम राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेस गरेको थियो । यसैगरी पुस ४ गते सातवटै प्रदेशका प्रमुखसमक्ष प्रदेशगत निर्वाचन परिणामसहितको प्रतिवेदन बुझाएको थियो । यही बीचमा माघ २९ गते आयोगले आफ्नो १२औं वार्षिक प्रतिवेदन, २०७९ राष्ट्रपतिसमक्ष बुझाइसकेको छ ।

निर्वाचनपछि आयोगले संघ, प्रदेश र जिल्लास्तरमा समीक्षा कार्यक्रम सञ्चालन गरी प्राप्त पृष्ठपोषणलाई आगामी नीति र अभ्यासका लागि सुझाव दिनेगरी प्रतिवेदन तयार गरेको छ । समीक्षाका क्रममा शाखागत र विषयगतरूपमा गरिएका क्रियाकलाप, असल अभ्यास, देखिएका समस्या, समाधानका लागि भएका पहल, अवसर, चुनौती र सुधारका लागि गर्नुपर्ने कार्यका सम्बन्धमा प्रस्तुतीकरणसहित छलफल भएको थियो । राजनीतिक दल दर्ताका लागि ५०० व्यक्तिको प्रतिबद्धतासहितको हस्ताक्षर चाहिने व्यवस्था छ । देशभरबाट ६०० भोट ल्याएको छ भने त्यसलाई कसरी लिने ? दर्ता भएर र अति कम मत ल्याएका दललाई पनि दल भनेर आयोग हिँड्नुपर्ने, निर्वाचन व्यवस्थापनलाई विकेन्द्रीकृत कसरी गर्ने जस्ता सवाल समीक्षाका क्रममा आगामी चुनौतीका रूपमा उठेका छन् ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया जनप्रतिनिधिको कार्यकाल र निर्वाचनको अवधिका सम्बन्धमा आयोगले नेपाल सरकार र सम्बन्धित पक्षसँग गरेको परामर्शबाट आगामी दिनमा यस्ता विषयमा अन्योल नहुनेगरी यसै वर्षको निर्वाचनले संविधान, कानुन र अभ्यासका सन्दर्भमा देखिएका विवादलाई समेत अन्त्य गरेको बताउँछन् । उनले मतदाता नामावलीलाई अनलाइनबाट दर्ता गराउने, मतदानस्थलको पुनरवलोकन, निर्वाचन खर्चको वैज्ञानिक सीमा निर्धारण, निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगेकालाई मतदानको अधिकार दिनेलगायत मौलिक काम यस वर्षको निर्वाचनमा भएको जानकारी दिए ।

आगामी दिनमा निर्वाचनको मितिजस्ता विषयलाई कानुनमै स्पष्ट गरौं भन्नेतिर आयोग अग्रसर देखिएको छ । स्थानीय तहको निर्वाचनमा मनोनयन दर्ता गर्दा बहालवालाले राजीनामा दिनुपर्छ भन्ने मान्यता पनि यस वर्ष स्थापित भएको छ । निर्वाचनमा सुशासन कायमका लागि उम्मेदवारहरूले स्वघोषणा गर्नुपर्ने प्रावधान लागू भएको छ । निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सरकारी पेस्की, बेरुजु तिर्न बुझाउन बाँकी नरहेको, कुनै जिन्सी वा नगद बुझाउन बाँकी नरहेको, प्रचलित कानुनबमोजिम कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बुझाउन बाँकी नरहेको भनी स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

प्रमुख आयुक्त थपलियाले भने, 'निर्वाचनमा राजनीतिक दलका झण्डा, तुल र ध्वजापता टाँसेर वा गाडीको लस्कर लगाएर प्रचारप्रसार गरेर वा पद, पैसा र पहुँचले होइन निष्ठा, विचार, सिद्धान्त र जनताको मन जितेर जितिन्छ भन्ने मान्यतालाई पनि हामीले प्राथमिकताका साथ यस निर्वाचनमा अघि सारेका थियौं,' आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचन सामग्री खरिदका लागि निर्वाचन हुने वर्षमा वार्षिक बजेट राख्ने र खरिदका लागि सम्बन्धित ऐनमा सम्बोधन गराउनुपर्ने समीक्षामा देखिएको बताए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र भ्रष्टाचार निवारण ऐन २०४८ तथा अख्तियार अनुसन्धान दुरूपयोग आयोग ऐन २०४८ को तादाम्यता नभएको, कालोसूचीलाई सम्बन्धित निकायसँग समन्वय गरी आयोगको सूचना प्रविधि शाखामा नराखिएको, निर्वाचन आचारसंहिता उल्लंघन उपर परेका उजुरीमा प्रमाण संकलन र स्पष्टीकरण तामेलीका सम्बन्धमा स्पष्ट नभएको जस्ता विषय आयोग एकीकृत निर्वाचन कानुनको मस्यौदामा समेट्ने तयारी गरेको छ । *रासस*

## मननयोग्य

### विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए। पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए । त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् । यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो । (क्रमशः)

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# विश्व पानी दिवसमा निःशुल्क पानी वितरण




**काठमाडौं (प्रस)–** विश्व पानी दिवसको अवसरमा बुधबार राजधानीका विभिन्न स्थानमा निःशुल्क पानी वितरण गरिएको छ । पानी प्रशोधन व्यवसायी संघ नेपाल र शिखर एप्लायन्स ट्रेडर्सले ललितपुरको बालकुमारीमा निःशुल्क पानी वितरण गरेको जनाएको छ ।

हरेक वर्ष २२ मार्चमा विश्व पानी दिवस मनाइन्छ । संघले उपत्यकाका २३ स्थानमा निःशुल्क पिउने पानी वितरण गरिएको जनाएको छ ।

यही अवसरमा शुद्ध पानीको महत्त्व बुझाउन प्रभातफेरीसमेत आयोजना गरिएको छ । प्रभातफेरी माइतीघर मण्डलदेखि रत्नपार्क हुँदै प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा पुगेर समापन भएको थियो ।

# अतिक्रमित सार्वजनिक जग्गा खोज्दै वीरगञ्ज महानगर

**वीरगञ्ज–** वीरगञ्ज महानगरपालिकाको विभिन्न वडामा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

महानगर क्षेत्रभित्रका सार्वजनिक पोखरी, उद्यान, मठमन्दिरलगायतको क्षेत्रमा व्यापक सार्वजनिक जग्गा अतिक्रमण गरी स्थानीयले ठूलाठूला भौतिक संरचनासँगै खेतबारीको रूपमा उपभोग गर्दै आएका छन् । यसरी सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढेसँगै वीरगञ्ज महानगरपालिकाले वर्षौंदेखि अतिक्रमणमा परेको सार्वजनिक जग्गा खोज्ने अभियानलाइ तीव्रता दिएको छ ।

महानगरको बिभिन्न वडामा सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने, खेतबारीको रूपमा उपभोग गर्नेजस्ता प्रवृत्ति बढ्दै गएपछि महानगरले अतिक्रमित जग्गा खोज्न अभियान चलाएको हो । अतिक्रमित जग्गा खोज्न र नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुटचाउन महानगरले विभिन्न वडामा प्राविधिक टोली परिचालन गरेको छ ।

'महानगरको धेरैजसो स्थानमा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी निजी सम्पत्तिको रूपमा प्रयोग गर्दै आएका छन्,' वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भने, ' पहिलो चरणमा प्राविधिक टोलीले वडा नम्बर १७ र १९ मा जग्गा खोज्ने र नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुटचाउने काम गरिरहेको छ ।'

विगत दुई सातादेखि सुरु गरेको सार्वजनिक जग्गा खोज्ने अतिक्रमणका क्रममा अहिलेसम्म करिब २६ बिघाभन्दा बढी अतिक्रमित सार्वजनिक जग्गा महानगर आफ्नो अधिनमा ल्याउन सफल भइसकेको उनले बताए । उनले भने, 'हामीले छोटो समयमै थुप्रै अतिक्रमित जग्गा फिर्ता गराएर सफलता प्राप्त गरेका छौं ।'

सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै सम्भावित स्थानमा पुग्न थालेपछि स्थानीयले पनि राम्रो साथ दिइरहेको जनाएको छ ।

महानगरको टोलीले वडा नम्बर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा स्थानीय केही व्यक्तिले अतिक्रमण गरेर खेतबारी गर्दै आएको पाँच बिघा जग्गा महानगरले आफ्नो अधिनमा ल्याएको वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख सिंहको सचिवालयका हरि पोखरेलले जानकारी दिए ।

यस्तै वडा नम्बर १९ मा स्थानीयले अतिक्रमण गरी निजी प्रायोजनमा प्रयोग गर्दै आएको करिब सात बिघाभन्दा बढी सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन सफल भएको पोखरेलले बताए । उनका अनुसार सोही वडामा एकै दिन वीरगञ्ज महानगरपालिकाको टोलीले १६ बिघा अतिक्रमित सार्वजनिक जग्गा खोजी गरी महानगरको अधिनमा नक्सांकन गरिएको छ । *रासस*

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/०९**

यस बघैलाफाँटा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ६९ को ३८०.३२ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री बघैलाफाँटा सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–४ जगतिया बर्दिया**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०७/०८ मा दर्ता भएको **प्रा.लि. नं. ८७३६२** को **पान पराग नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRESSER AL RUSHAID VALVE & INSTRUMENT CO. LTD.

पुर्व स्वीकृति मिति : २०७९/१२/०८ | LT. No 283229 | चलानी नं. ६०१९८५७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & packaging worker | 3 | 0 | 1200 | ४१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAADAH SERVICES WLL

पुर्व स्वीकृति मिति : २०७९/१२/०८ | LT. No.283205 | चलानी नं. ६०१९८५६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker (Female) | 0 | 8 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति २०७८/०९/११ | पुनः विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ | LT. No. 254704 | चलानी नं.६०१७४९१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 1200 | ४३,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 11 | 0 | 1200 | ४३,५८० | | | | | | | |
| 3 | Tailor | 2 | 0 | 1500 | ५४,४७५ | | | | | | | |
| 4 | Barman | 12 | 0 | 1500 | ५४,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QALLAF PEST CONTROL AND CLEANING SERVICES

पुर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No. :283113 | चलानी नं. ६०१९८५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PEST CONTROL WORKER | 10 | 0 | 120 | ४२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
श्रम इजाजत नं.५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492


## देवचुली नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर,नवलपरी(बर्दघाट,स्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ बिक्रीका लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः-२०७९/१२/०९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११घ(६), गण्डकी प्रदेश सरकारको बिनियोजन ऐन-२०७७ को दफा ८ र सो संग सम्बन्धित अनुसूची-६ र देवचुली नगर कार्यपालिकाको निर्णय अनुसार तपसिलमा उल्लेखित नदीको स्वीकृत घाट हरूबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक (मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम घ वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र) भएका फर्म/कम्पनीबाट देहायको समयभित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि. नं . | सुचना नं / बोलपत्र नं . | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मी.) | न्युनतम बोलपत्र रकम ( सेवा शुल्क र मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|---|
| १. | DEV/NCB/GOODS/06 /2079/080 | बौलाहा खोलाको रामवास खण्ड र लक्ष्मीपुर खण्डबाट नदिजन्य पदार्थको उत्खनन्/संकलन र विक्री वितरणको कार्य | २५,१९५.०० | रु ६२२७९५२.०५ | रु २००००० | रु ३०००.०० |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३० औ दिन सम्म वोलपत्र खरिद गरी यस कार्यालयको दलदले स्थित NIC ASIA बैंकमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी ३१ औ दिनको १२ वजे भित्र यस कार्यालयमा ई-वोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, ३१ औं दिन सम्म प्राप्त वोलपत्रहरू सोही दिन २ वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा वोलपत्र खोल्न बाधा पर्नेछैन।

२. बोलपत्र फारम पेश गर्दा स्व-घोषणा सहित मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र,न्युनतम घ वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र, फारम खरिद गरेको भौचरको स्क्यान प्रति पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि धरौटी रकम यस कार्यालयको दलदले स्थित NIC ASIA बैंकमा धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त क बर्गको बाणिज्यबैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

**बैक खाता सम्बन्धि जानाकारी**
बैकको नामः- NIC ASIA दलदले शाखा
कार्यालयको नामः- देवचुली नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय,
कार्यालयको खाता नं. ०७७२०५००२९१६५००२ ग-१-१ ( फारम दस्तुरको लागि)
०७७२०५००२९१६५००७ ग-३ (धरौटी रकमको लागि )

४. यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५. कुल सम्झौता रकमको अंक बराबरको रकम यस नगरपालिकाको खातामा दाखिला भएपछीमात्र सम्झौता गरिने छ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई समायोजन गर्न पाइने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३ % र अग्रिम आयकर (TDS) बापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ।स्पष्टिकारण : स्वीकृत अंक भन्नाले मु.अ.क. र अग्रिम आयकर बाहेकको रकमलाई बुझ्नुपर्दछ, सम्झौता अंक भन्नाले कबोल अंक ,मु.अ.क. (१३%) र अग्रिम आयकर (१.५%) को जोड जम्मा रकमलाई बुझ्नु पर्दछ ।

**भुक्तानी तालिका**

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र (सम्झौता अगाबै ) | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम र कबोल रकम सबैको नियमानुसार लाग्ने कर साथै बाँकी रकमको धरौटी जमानत | बोलपत्र पेश गर्दाको बखत राखिएको धरौटी रकम समायोजन नहुने गरि |
| अन्तिम | २०७९ जेष्ठ २० भित्र | बाँकी रकम सबै | |

७. नदिजन्य पदार्थ उठाउदा हुने घटना,दुर्घटना, बिभिन्न परिस्थिति,आर्थिक तथा भौतिक क्षतिपूर्ति समेत फर्म/कम्पनी स्वयंमको हुनेछ । उत्खनन गरिने स्थलको स्थलगत अनुगमन गरी यथार्थ बस्तुस्थिति तथा जोखिम मुल्यांकन गरी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

८. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

९. पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुदाहरू र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरू यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

११. यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरू पुरा नभएकावोलपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।

१२. अन्य कुराहरू नेपाल सरकार, गण्डकीप्रदेश सरकार तथा देवचुली नगरपलिकाको प्रचलित ऐन कानून तथा कार्यविधि बमोजिम हुनेछ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला साथै www.devchulimun.gov.np बाट पनि Download गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**




## ठमेलमा 'फेशन गाला नाइट २०२३' हुँदै

'फेशन गाला नाइट २०२३' नामक फेसन सो आयोजना हुने भएको छ। फेसनमा सिर्जनात्मकताको खोजी गर्ने उद्देश्यले अगामी शनिवार अर्थात चैत ११ गते (मार्च २५) मा ठमेलस्थित टेन एक्स क्लबमा सो आयोजना हुन लागेको हो। फेसन राष्ट्रिय नेपाल र टेन एक्स क्लबको संयुक्त आयोजना हुने सो  मा साँझ ७ बजेदेखि ९ बजेसम्म चल्नेछ। सो मा नेपाली फेशन उद्योगमा योगदान पुर्‍याएका १० उत्कृष्ट व्यक्तिलाई सम्मान समेत गरिने आयोजक एफएनएनका निर्देशक शेखरराज कँसजुले बताए। सम्मान फेसनकै विभिन्न क्षेत्रमा लामो समयसम्म योगदान गरेकालाई हौसला दिन गर्न लागिएको हो।






# विश्व नेपाली नारी साहित्य सम्मेलनको तयारी पूरा



■ प्रभाव संवाददाता

**धनगढी–** यही चैत्र १० गते धनगढीमा हुने विश्व नेपाली नारी साहित्य सम्मेलनको तयारी पूरा भएको छ। आयोजक सुदूरपश्चिमाञ्चल साहित्य समाजले बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै नारी साहित्य सम्मेलनको तयारी पूरा भएको जानकारी दिएको हो।

साहित्य समाजका अध्यक्ष तीर्थराज पाण्डेयले विश्व नेपाली नारी साहित्य सम्मेलनको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन् गर्ने जानकारी दिए। उनले सम्मेलनमा भारतका विभिन्न राज्य, अमेरिका, भूटान, म्यानमार लगायतका देशबाट गरी दुई सय बढी नारी साहित्य स्रष्टाहरूको सहभागीता रहने जानकारी दिए।

उनका अनुसार सम्मेलनमा समारोहमा साहित्यिक प्रतिभा झमक घिमिरेलाई एक लाख ११ हजार रूपैयाँ राशीको बद्रि-कृष्णा बाङ्मय पुरस्कार प्रदान गरिने छ।

सम्मेलनमा विलक्षण प्रतिभाशाली बालिका प्रिन्सा रेग्मी, स्थापित समाजसेवी अनुराधा कोइराला, मधेसका मुर्धन्य साहित्यकार राजेन्द्र विमल, गजलकार तिलक पेला, अन्तर्राष्ट्रिय साहित्य समाजका अध्यक्ष पदम विश्वकर्मा अमेरिका पनि सहभागी हुनेछन्।

सम्मेलन आयोजनाका लागि मुल आयोजक समितिका साथै डेढ दर्जन बढी उपसमितिहरू गठन भएका छन्। सम्मेलनमा सञ्चालन गरिने अन्तरसंवाद सत्रहरूको टुङ्गो लागिएको छ।

यस्तै कार्यक्रम मूल आयोजक समितिका संयोजक बरिष्ठ लोक गायक यज्ञराज उपाध्ययले धनगढीलाई बौद्धिक बहसको नगरिका रूपमा स्थापित गर्न यो कार्यक्रमको आयोजना गरिने बताए। यसले यहाँको भाषा, साहित्य, कला र संस्कृतिलाई विश्वव्यापी गर्न सहयोग पुर्‍याउने विश्वास लिइएको उनले बताए।

यस्तै साहित्यकार रामलाल जोशीले सम्मेलनमा कला, संस्कृति, राजनीतिक परिवेसलगायत थुप्रै विषयमा प्यानल डिस्कसन हुने बताए। उनले साहित्य सम्मेलन सुदूरपश्चिमका लागि एक ब्राण्ड बनिरहेको बताए।

सम्मेलन आयोजनाका लागि करिब ८० लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको छ। साहित्य समाजले यसअघि धनगढीमा २०७६ सालमा विश्व नेपाली साहित्य सम्मेलन र २०७८ सालमा नेपाली साहित्य सम्मेलन आयोजना गरिसकेको छ।




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री सुरक्षा पन्तको प्रमुख भूमिकामा अभिनय रहेको फिल्म 'बहाव' यही चैत २४ गतेबाट प्रदर्शनमा आउँदैछ। फिल्ममा सुरक्षाले प्रेमी, विद्रोही र साइको किसिमको चरित्रमा अभिनय गरेकी छन्।

फिल्मको सार्वजनिक ट्रेलरमा सुरक्षालाई सुँगासँग संवाद गरेको र सुँगाको निकट रहेको देख्न सकिन्छ। चितवनमा फिल्मको दुई महिने वर्कसप र सुटिङ चल्दा सुरक्षा सुँगासँग बढी नजिकिइन्। 'म सुँगासँग दुई महिना वर्कसपमा बसें। हामी जनावर भन्नेबित्तिकै छि छि दूरदूर गर्छौं। सुँगासँगको मेरो अनुभव केही फरक रह्यो', सुरक्षा भन्छिन्, 'मैले सुँगालाई निस्की भनेर पिँजडाको ढोका खोलिदिए पनि उ निस्किएन। उसमा अन्यौल थियो। उसमा डर पनि हुँदो रहेछ। उसले हाम्रो भाषा बुझ्ने भए पनि ऊ समझदार थियो। जनावरमा आफैंमा अनौठो किसिमको गुण हुँदो रहेछ। फिल्मको कथा पनि केही हिसाबमा सुँगासँग मिल्छ।'

सुरक्षाको अनुभवमा सुरुमा सुँगा उनीसँग नजिकिएन। तर विस्तारै सुँगा सुरक्षासँग नजिकियो। 'मसँग सुँगा सुरुमा मानेन। तर ऊसँग बस्दै बोल्दै गएपछि उसले मलाई पत्यायो। जबकी मबाहेक अन्य व्यक्तिसँग सुँग नजिकिएन', उनी भन्छिन्, 'बिस्तारै सुँगा मसँग यति नजिकियो कि मेरो खुट्टा वरपर नै घुम्न थाल्यो। राती सुत्दा पनि सुँगा मेरो सिरान छेउमा रहेको स्टेण्ड लाइटमा गएर खुट्टा अड्काएर सुतिरहेको हुन्थ्यो।'

ट्रेलरमा सुरक्षाले सुँगासँग 'तलाई उड्न मन लाग्दैन हो'भनेर सोधेकी छन्। तर सुरक्षाको अनुभवमा सुँगालाई उड्न मन लागे पनि ऊभित्र एक किसिमको डर छ। 'सुँगामा उड्न चाहने इच्छा भए पनि उडानमा उसलाई खस्ने डर छ। अथवा उसको गन्तव्य निश्चित छैन। किनकी ऊ पिँजडाभित्रै रमाइरहेको छ', सुरक्षा भन्छिन्। सुरक्षाले आफू फिल्मको अर्को सुँगा भएको दाबी गरिन्। 'म घरबाट निस्कन चाहन्छु र तर समय तथा बाध्यताले त्यो अवस्था हुन दिँदैन। म बहावको अर्को सुँगा हुँ', उनले भनिन्।

स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको प्रस्तुती रहेको फिल्ममा प्रमोद कँडेलको लेखन तथा निर्देशन छ। ' जिज्ञासा, विचार अनि यथार्थको कथा' लाई प्रमुख विषय बनाइएको फिल्ममा श्रीधर पौडेलको लगानी छ। श्रीधरले यसअघि नेपाल सरकारबाट 'राष्ट्रिय अवार्ड' प्राप्त फिल्म ' गोपी' निर्माण गरेका थिए।

फिल्ममा सुरक्षासँगै कमलमणि नेपाल, अफरान अली, सुर्य शर्मा भट्ट, इश्वरी सिंह, हीरालाल कँडेल र पवन श्रेष्ठको अभिनय छ। सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको सङ्गीत रहेको फिल्ममा सज्जा चौलागाईंको स्वर, अनन्त घिमिरेको कलर करेक्सन, मुकेश शाहको साउण्ड डिजाइन र मिक्सिङ र कार्तिकेय स्मिता कर्नाटकको छायांकन छ।

फिल्ममा निगम श्रेष्ठको प्रोडक्सन डिजाइन, भारद्वाजसिंह माहिदाको फस्ट युनिट डिरेक्सन, विकास ठाकुरको स्टोरी एडिटर, प्रतीक श्रीवास्तवको स्टोरी डेभलपमेन्ट एण्ड आर्ट डिरेक्सन, सम्राट खनालको साउण्ड रेकर्ड, सीमा गुरुङको मेकअप, रञ्जीत क्षेत्रीको कस्ट्युम, सनीष सचुको पोस्टर डिजाइन, सुदीप दवाडीको मार्केटिङ स्ट्राटेजी, निर्वाना फिल्म स्कुलको प्रोडक्सन मेनेजमेन्ट र सिने जोनको पोस्ट प्रोडक्सन मेनेजमेन्ट छ। फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दैछ।



**प्रधानमन्त्री थ्री नेसन्स कप**

# अनन्त र नवयुगको गोलमा लाओसविरुद्ध नेपाल विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** आयोजक नेपालले प्रधानमन्त्री थ्री नेसन्स कप फुटबल प्रतियोगितामा विजयी सुरुआत गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार भएको पहिलो खेलमा लाओसलाई २-० गोल अन्तरले हराउँदै नेपालले सुखद सुरुआत गरेको हो। नेपालको जितमा अनन्त तामाङ र नवयुग श्रेष्ठले एक एक गोल गरे।

खेलको ३० औं मिनेटमा अनन्तले गोल गर्दै नेपाललाई सुरुआती अग्रता दिलाएका थिए। नविन लामाको कर्नरमा अनन्तले हेडरमार्फत उत्कृष्ट गोल गर्दै नेपाललाई अग्रता दिलाएका हुन्। अनन्तको यो नेपालका लागि तेस्रो गोल हो। त्यसपछि खेलको ५६ औं मिनेटमा नवयुगले गोल गर्दै नेपाललाई २-० को जित दिलाए। कप्तान किरण चेम्जोङको लामो पासमा करिब ३० यार्डबाट बल नियन्त्रणमा लिदै नवयुगले उत्कृष्ट भली गोल गरे। नेपालका लागि उनको यो आठौं गोल हो।

खेलमा लाओसले गोल गर्ने केही मौका पाए पनि सदुपयोग गर्न सकेन। दोस्रो हाफको ६६ औं मिनेटमा लाओसका अन्तजा सिफोङफानले गोलकिपर किरण लिम्बुलाई बिट गर्दा अर्का खेलाडी बौनपाचाङ बौङकोनले पोष्टमा हानेको बल अनन्त तामाङले बचाए। यस्तै ७० औं मिनेटमा अन्तजा सिफोङफानले प्रहार गरेको बल डिफेन्डर रोहित चन्दले हेडरमार्फत क्लियर गरिदिए।

नेपालका लागि ७२ औं मिनेटमा मनिष डाँगीले मिलाएको बलमा नवयुगको पासलाई आयुस घलानले पोस्टको दिशा दिन सकेनन्। खेलमा नेपालका अनन्त म्यान अफ दि म्याच चुनिए। जितसँगै नेपालले पहिलो खेलमा ३ अंक जोडेको छ। र, नेपालको फाइनल पुग्ने सम्भावना बलियो बनेको छ। अब लाओसले चैत ११ गते भुटानसँग खेल्नेछ। त्यस्तै चैत १४ गते नेपालले भुटानसँग  खेल्नेछ।

सिंगल राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिता शीर्ष दुई टोलीले उपाधिका लागि चैत १७ गते खेल्ने छन्।

**४ खेलाडीको डेब्यू**

लाओससँगको खेलमा नेपालका चार नयाँ खेलाडीले डेब्यु गरे। नेपालका लागि सनिश श्रेष्ठ, मणि लामा, दिपकराज सिंह ठकुरी र सुमित श्रेष्ठले डेब्यू गरेका हुन्। सनिश श्रेष्ठले पहिलो रोजाइमा पर्दै डेब्यु गरे। मणि लामाले दोस्रो हाफको ७४ औं मिनेटमा नविन लामालाई प्रतिस्थापन गरे।

यस्तै स्ट्राइकर दीपकराज सिंह ठकुरीले ८२ औं मिनेटमा डेब्यु गरे। बाँकेका ठकुरीले यो सिजन ए डिभिजन लिग फुटबलमा सातदोबाटोबाट उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। सुरुवाती ५ खेलमा चार गोल गरेका उनी ३ खेलमा प्लेयर अफ दि म्याच भएका थिए। सुमित श्रेष्ठले खेलको थप गरिएको ३ मिनेटको समयमा आयुष घलानलाई प्रतिस्थापन गरेका हुन्।

**१३ औं इटहरी गोल्डकप**

# सगरमाथा युथ क्लब फाइनलमा

■ प्रभाव संवाददाता

**इटहरी–** अफ्रिकी खेलाडी स्टेफेन समिर र मेसुके ओलमाउ प्रेरित खेलमा जित निकाल्दै डिफेन्डिङ च्याम्पियन सगरमाथा युथ क्लब इटहरी गोल्डकपको फाइनल प्रवेश गरेको छ। इटहरी रंगशालामा जारी प्रतियोगिताको पहिलो सेमीफाइनलमा सगरमाथाले उपाधि दाबेदार मछिन्द्र क्लबलाई ३–१ गोल अन्तरले हराएको हो।

जितसँगै सगरमाथाले कम्तीमा ५ लाख रूपैया सुरक्षित गरेको छ। सगरमाथाको जितमा राजिव लोप्चन, स्टेफेन र मेसुकेले गोल गरे। खेलको सुरुवातबाटै दबाब बनाएको सगरमाथाले चौथो मिनेटमा अग्रता बनायो। मेसुकेको असिस्टमा राजिव लोप्चनले सुरुवात अग्रता दिलाए। १२ औं मिनेटमा स्टेफेनले अग्रता दोब्बर बनाए।

५१ औं मिनेटमा मेसुकेले बायाँ भागबाट गोल अघि बढाउँदै अग्रता ३–० बनाए। ४३ औं मिनेटमा मछिन्द्रका कप्तान अफिज ओलावालेले अग्रता कम पारे। डिबक्सभित्र अविशेक लिम्बुले ओलावालेलाई फाउल गरेपछि पाएको पेनाल्टीको अवसर गोलमा परिणत बन्यो। सुरुवाती १५ मिनेटमा २ गोलले पछि परेपछि मछिन्द्रका खेलाडीहरूले पाएको मुभलाई समेत सदुपयोग गर्न सकेनन्।

पहिलो हाफमा ओलावालेले पाएको ३ वटा अवसर सदुपयोग भएन्। मछिन्द्रले पाएका केही वान भर्सेस वानको अवसरमा समेत सगरमाथाका गोलरक्षक देव लिम्बु बाधक बने। पहिलो मिनेटमा नै गोलरक्षक देवले शक्तिशाली प्रहार पञ्च गर्दै क्लियर गरिदिए। १५ औं मिनेटमा वान भर्सेस वानको अवस्थामा बिजय भुजेलले गोलरक्षकलाई विट गराएपनि गोल गर्न सकेनन्।

१९ औं मिनेटमा ओलावालेको प्रहार गोलरक्षक लिम्बुले ब्लक गरिदिए। २२ औं मिनेटमा ओलावालेको प्रहार पोष्ट माथिबाट बाहिरियो। ३१ औं मिनेटमा वान भर्सेस वानमा ओलावाले चुके। पहिलो हाफको तुलनामा दोश्रो हाफमा मछिन्द्रले आक्रमण बुन्न सकेन्। ६४ औं मिनेटमा गोलरक्षक बिट भइसकेको अवस्थामा प्रशान्त अवस्थीको हेडर बाहिरियो। दोश्रो हाफको इन्जुरी समयमा शौरभ लिम्बुको फ्रिकिक प्रहारमा उत्सब राईको हेडर पोष्टमाथिबाट बाहिरियो।

इन्जुरी समयमा शौरभ लिम्बुले वान भर्सेस वानको अवस्थामा पाएको अवसरमा गोल गर्न सकेनन्। सगरमाथाले समेत अग्रता अझ फराकिलो बनाउने अवसर गुमाउन पुग्यो। २३ औं मिनेटमा स्टेफेनको शक्तिशाली प्रहार गोलरक्षक प्रदिप भण्डारीले बचाए। २५ औं मिनेटमा डिफेन्डर बिच तालमेल नमिल्दा पाएको अवसरमा मेसुकेको प्रहार क्लियर हुन पुग्यो।

५३ औं मिनेटमा मेसुकेको क्रसमा राजिव लोप्चन गोल गर्न चुके। लगतै मेसुकेले वान भर्सेस वानमा पाएको अवसरलाई फितलो प्रहार गरे। खेलको म्यान अफ दि म्याच सगरमाथाका स्टेफेन घोषित हुँदै नगद १० हजार प्राप्त गरे। खेलपछि प्रतिक्रिया दिँदै सगरमाथाका प्रशिक्षक याम गुरुङले जित निकाले पनि सोचे अनुरूपको प्रर्दशन नभएको बताए। उनले अफ्रिकन खेलाडीको कारण जित निस्किएको अस्विकार गर्दै टिमअपले जित निस्किएको बताए। गुरुङले विपक्षी खेलाडीहरू अफ्रिकनको कारणले दबाबमा परेपनि खेलाडीहरू बिच तालमेल राम्रो देखिएको बताए।


**वागमती प्रदेश सरकार**
**पर्यटन उद्योग तथा सहकारी मन्त्रालय**
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, नुवाकोट**

**बोलपत्र आव्हानको सूचना**

**सूचना नं.०१/०७९/८०**

***सूचना प्रकाशित मिति : २०७९/१२/०९***

यस कार्यालय अन्तर्गत सिप विकास तालिम हल निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नु पर्ने भएकाले मिति २०८०/०१/१० गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट **www.bolpatra.gov.np.egp** बाट **online bidding** गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N | Project Name | Contract No. | Estimated Amount | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | Construction of Skill Development Training Hall Building | NCB/WORKS /CSIO/NUW /079-080-01 | NRs.2143657.83/- (Exclusive of VAT and Contengencies) | NRs.75000.00/- | NRs. 3000 |

# प्रधानमन्त्री मोदीविरुद्ध आपत्तिजनक 'पोस्टर' टाँसेको अभियोगमा पक्राउ

**नयाँदिल्ली–** राष्ट्रिय राजधानीमा प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध अपमानजनक टिप्पणीसहित आपत्तिजनक पोस्टर टाँसेको अभियोगमा छ जनालाई पक्राउ गरिएको छ ।

प्रधानमन्त्री मोदीका कट्टर आलोचकहरूले आपत्तिजनक पोस्टर टाँसेकाले उनीहरूलाई कानुनको दायरमा ल्याउन १०० भन्दा बढीले स्थानीय प्रहरीमा उजुरी दर्ता गराएका छन् ।

दिल्लीका केही भागमा 'मोदी हटाओ, देश बचाओ' लेखिएका पोस्टर टाँसिएका छन् । उजुरीका आधारमा छ जनालाई पक्राउ गरिएको दिल्ली प्रहरी प्रमुखले बताएका छन् । पोस्टरमा छापाखाना वा प्रकाशकको नाम उल्लेख गरिएको छैन । दिल्ली प्रहरीले घटनाको अनुसन्धान सुरु गरेको छ ।

आमआदमी पार्टी (आप)को कार्यालयबाट बाहिरिनेबित्तिकै एउटा भ्यान रोकिएको थियो । त्यसबाट आपत्तिजनक पोस्टरसहित उनीहरूलाई अपहेलना ऐनअन्तर्गत गिरफ्तार गरेर थप अनुसन्धान थालिएको प्रहरी प्रमुखले एएनआई प्रतिनिधिलाई बताएका छन् । *रासस/एएनआई*

# प्रतिद्वन्द्वी समूहको आक्रमणमा पिटिआई नेतासहित १० जनाको मृत्यु

**इस्लामाबाद–** पाकिस्तानको हवेलियनको लांग्रा गाउँमा प्रतिद्वन्द्वी समूहले पाकिस्तान तेहरिक-ए इन्साफ (पिटिआई) लक्षित आक्रमणमा एक जना स्थानीय नेतासहित १० जना मारिएका छन् ।

कारमा यात्रा गरिरहेका बेला भएको आक्रमणमा पिटिआई नेता आतिफ मुन्सिफ खानसहित १० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । द्रुतगतिमा रहेको कारमा गोली प्रहार हुँदा इन्धन टयांकीमा लागेको र तत्काल कारमा आगो सल्किएको सामाजिक सञ्जालमा 'पोस्ट' गरिएका भिडियोमा देखिन्छ । कार पूर्णरूमा जलेको छ ।

दुई जना घाइतेलाई उद्धार गरी अस्पताल पुऱ्याइएको छ । नेता खानको शव परीक्षणका लागि एबोटाबाद जिल्ला सदरमुकाम अस्पतालमा राखिएको छ ।

आक्रमणमा मारिएका खानले एबोटाबादको हवेलियन तहसीलबाट स्वतन्त्र उम्मेद्वारको रूपमा सन् २०२२ मा खैबर पख्तुनख्वा स्थानीय निकायको चुनाव जितेका थिए । केही समयपछि उनी पिटिआईमा आबद्ध भएका हुन् । उनका बुबा मुन्सिफ खान जादुन केपी विधानसभाका पूर्वसदस्य र प्रान्तीय मन्त्री भएका थिए । उनको पनि सन् १९९० को दशकमा हत्या भएको थियो ।

यसैबीच, पाकिस्तानको सैन्य सञ्चार शाखा इन्टर सर्भिसेस पब्लिक रिलेसन्स (आइएसपीआर)का ब्रिगेडियर मुस्तफा कमल बर्की दक्षिण वजिरिस्तानमा आतंकवादीसँग भएको भिडन्तमा मारिएका दैनिक अखबार डनले जनाएको छ । झडमा सात जना सैनिक घाइते भएका छन् । रासस/एएनआई

# उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र परीक्षण

**सोल–** उत्तर कोरियाले बुधबार फेरि धेरै 'क्रुज मिसाइल' प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले बताएको छ । उत्तर कोरियाले पूर्वीसागरमा प्रक्षेपण गरेका धेरै क्रुज मिसाइल पत्ता लगाएको सोलले जनाएको हो ।

परीक्षणसम्बन्धी विस्तृत विवरणलाई दक्षिण कोरिया र अमेरिकी गुप्तचर अधिकारीहरूले विश्लेषण गरिरहेका दक्षिण कोरियाका संयुक्त चिफ अफ स्टाफले आज एक विज्ञप्ति निकालेर बताएका छन् ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले पाँच वर्षयता गरेका सबैभन्दा ठूलो संयुक्त सैन्य अभ्यासको विरोधमा प्योङयाङले शक्तिशाली क्षेप्यास्त्र प्रक्षेपण गरिएको ठानिएको छ । अमेरिका र दक्षिण कोरियाले गरेको संयुक्त सैन्य अभ्यासलाई उत्तरले आफूमाथि हुने आक्रमणको पूर्वाभ्यासका रूपमा लिएको छ । यो संयुक्त सैन्य अभ्यास भोलिसम्म जारी रहनेछ ।

पछिल्लो समयमा वासिङ्टन र सोलले उत्तरबाट बढ्दो सैन्य र आणविक जोखिमलाई दृष्टिगत गरी पारस्परिक सहयोगलाई घनीभूत बनाउँदै आएका छन् । उत्तर कोरियाले पनि नियमितरूपमा प्रतिबन्धित हतियार परीक्षणको शृंखलालाई जारी राखेको छ ।

यसैबीच, दक्षिण कोरियाले पूर्वनिर्धारित योजनाअनुसार संयुक्त सैन्य अभ्यासलाई सफलतापूर्वक सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । *रासस/एएफपी*

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १११४९७/०६९/०७०** को **होटल थर्ड आई इन प्रा.लि.** को मिति २०७९/११/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं.** ४२१
**फोन नं.** ०१-४३६०२७५, ९८५१०६८४११, **ईमेल** : clnpservice@gmail.com

## अधिकृत वारेसनामा बदर गरेको सूचना

म मिनबहादुर के.सी.को छोरी मणिराम दुलालको श्रीमती भक्तपुर जिल्ला साविक सुडाल गा.वि.स वडा नं. ९ को परिवर्तित चाँगुनारायण न.पा.वडा नं. ८ बस्ने बर्ष ३० की रोजी के.सी.ले तपाइँ भक्तपुर जिल्ला साविक कटुन्जे गा.वि.स वडा नं. ९ को परिवर्तित सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने सोनी बासुलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ (१) बमोजिम मुद्दा मामिला गर्न अधिकृत वारेसनामा दिएकोमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (ग) बमोजिम तपाईंलाई दिएको अधिकृत वारेसनामा आजकै मितिमा बदर गरिएको सूचना प्रकाशन गरिएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIKA KIMIA SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/०८ | LT. No. 283026 | चलानी नं. ६०१९८५६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 17 | 0 | 1500 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE AREA TECHNICAL AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No. 283193 | चलानी नं.६०१९८५३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 25 | 0 | 800 | २८,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS OVERSEAS (P) Ltd. श्रम ईजाजत नं.५३५/०६१/०६२
**Elite Gurkhas Overseas Pvt. Ltd.**
(Multidisciplinary Manpower Recruitment Agency)
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621, 4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAIN ZAM COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No.282978 | चलानी नं. ६०१९८५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 10 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASSER SULTAN NASSER MAAWALI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०७९/१२/०८ | LT. No.282974 | चलानी नं. ६०१९८५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reservoir Agent | 1 | 0 | 1500 | ५२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAMAN AL-QAIM INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मितिः २०७९/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ | LT. No.280716 | चलानी नं. ६०१९६२४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1200 | ४२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF DIMENSIONS TRANSPORTATION EST.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ | LT. No.279846 | चलानी नं. ६०१९५४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ERSA ELBENA FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मितिः २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०८ | LT. No.276214 | चलानी नं. ६०१९१६३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paved | 1 | 0 | 1200 | ४२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIT CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०७९/१२/०८ | LT. No. 283091 | चलानी नं. : ६०१९८५२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Supervisior | 2 | 0 | 3000 | १०८,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisior | 1 | 0 | 2500 | ९०,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780
Email : info@shivamintlmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERAK DUCK FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No. 283072 | चलानी नं. ६०१९८४७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४४,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOKAI AICHI KEIEI SHIEN KYODO KUMIAI

पूर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No. 283197 | चलानी नं. ६०१९८५४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव Yen | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machining (Milling Machine Operation) | 1 | 0 | 167,335 | १,६६,४३० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १६ गते (30th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ७०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544419, 4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com


## Ramprasadrai Rural Municipality
## Office of the Rural Municipal Executive

Baikunthe, Bhojpur
Koshi Province, Nepal

### Invitation For Sealed Quotations

Date of publication: 2079/12/09

1. Ramprasadrai Rural Municipality, Office of the Rural Municipal Executive, Baikunthe, Bhojpur invites sealed quotations from eligible bidders for the procurement of the following works.
2. All other information and Sealed quotation document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit sealed quotations as per instructions within the mentioned period.

| S. N. | Name of Project | IFB No. | Total Cost Exc. VAT & Contingencies | Cost of the Bid Document | Method | Mode | Bid Validity | Bid Security | Bid Security Validity | Last Submission Date |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Procurement & Delivery Of Bee Hives With Bee | 02/RRR/ 2079/080 | Rs. 15,15,000.00 | Rs. 1,000.00 | Sealed Quotation | E-bid | 45 days | Rs. 37,875.00 | 75 days | 2079/12/24 |

**Information to deposit cost of bidding document:**

Name of Bank : NIC ASIA Bank Ltd., Branch office Baikunthe, Bhojpur.
Name of Office : Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur.
Office Account No. : 2152050028990002 Ga-1.1 Antarik Rajaswa Khata.

3. Electronic sealed quotations must be submitted to the Office of Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur, through PPMO website www.bolpatra.gov.np/egp before 12:00pm of the final date as mentioned above. Sealed quotations received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00pm on the final date as mentioned above at the Office of Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur.
4. Sealed quotations must be accompanied by bid security amount as stated in the above table either in the form of bank voucher confirming cash deposits in Ramprasadrai Rural Municipality Office, Baikunthe, Bhojpur, Office Account No.: L5CA052570252401 Isthaniya taha Dharauti Khata (Ga-3.1) or a bid security issued by a commercial Bank (approved by Nepal Rastra Bank) with validity as mentioned in the above table.
5. All other conditions of the bidding process will be as per the public procurement act-2063 and public procurement regulation-2064.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १३४५ |



**धार्मिक पर्यटकको घुइँचो** मुस्ताङको कागबेनीको छेउमा रहेको पवित्र कालीगण्डकी नदीमा औँसी तिथि पारेर मंगलबार दिवंगत आफन्तहरूको नाममा पिण्ड दान गर्न लागेका श्रद्धालु तथा भक्तजनहरू । *तस्बिरः रासस*

# तनहुँ आयोजना समयमै सम्पन्न गर्न निर्देशन

■ प्रभाव संवाददाता

**तनहुँ–** एसियाली विकास बैंक (एडिबी) र नेपाल विद्युत् प्राधिकरणको उच्चस्तरीय टोलीले तनहुँमा निर्माणाधीन १४० मेगावाट जडित क्षमताको तनहुँ जलविद्युत आयोजनाको स्थलगत अनुगमन भ्रमण गरेको छ । एडिबीको नेपाल आवासीय नियोगका निर्देशक आर्नो कुश्वा, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको उच्चस्तरीय टोलीले सोमबार र मंगलबार आयोजनाका बाँध, भूमिगत विद्युतगृह, मुख्य सुरुङलगायतका संरचनहरूको निर्माण कार्यको अनुगमन गरेको हो ।

टोलीले आयोजनाको प्याकेज-१ (बाँध तथा हेडवर्क्स), दोस्रो प्याकेज-२ (विद्युतगृह, मुख्य सुरुङ तथा सम्बन्धित उपकरणहरू) र तेस्रो प्याकेज (दमौली-भरतपुर २२० केभी प्रसारण लाइन) निर्माणमा संलग्न आयोजना व्यवस्थापन, निर्माण व्यवसायी, परामर्शदाताहरूसँग छलफल गरी निर्माण प्रगति, निर्माणमा देखिएका समस्यालगायतका विषयमा विस्तृत रूपमा छलफल गरेको थियो ।

निर्माणमा देखिएका समस्या समाधान गर्न आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै टोलीले आयोजनालाई तोकिएकै समयमा सम्पन्न गर्न निर्देशन दिएको छ । आयोजनाको समग्र निर्माण २०८३ जेठभित्र सक्ने लक्ष्य राखिएको छ ।

आयोजनाको सहुलितपूर्ण ऋण प्रवाह गरेको एडिबीको नेपाल आवासीय नियोग निर्देशक कुश्वाले आयोजनालाई तोकिएकै समयमा सम्पन्न गर्नु पर्ने बताए । 'मुख्य रूपमा प्याकेज-१को निर्माण महत्वपूर्ण तथा चुनौतीपूर्ण देखिएकोले निर्माण विधिमा ध्यान दिई उपकरण तथा जनशक्ति थप गर्नु पर्ने आवश्यकता देखिन्छ', उनले भने ।



प्राधिकरणका कार्यकारी निर्देशक एवम् आयोजनाको प्रवर्द्धक तनहुँ हाइड्रोपावर लि.का अध्यक्ष घिसिङले आयोजनाको निर्माण सम्पन्न गर्न हाल तय गरिएको तालिका नै अन्तिम भएकोले सोही लक्ष्यलाई पूरा गर्ने गरी काम गर्न निर्देशन दिए ।

'बाँध निर्माणका लागि नदी फर्काउने तथा स्लोप कटान चुनौतीपूर्ण देखिन्छ, यसका लागि दक्ष जनशक्ति र उपकणहरू थप गरी कामलाई तिब्रताकासाथ अगाडि बढाउनु पर्छ, आयोजनकातर्फबाट गर्नु पर्ने सहयोग र सहजीकरणमा हामी सँधै तयार छौं,' उनले भने ।

तनहुँ हाइड्रोपावर लि.का प्रबन्ध-सञ्चालक किरण कुमार श्रेष्ठले निर्माण कार्यमा भइरहेको प्रगतिबारे जानकारी गराएका थिए । आयोजनाको प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माण कार्यसोङ्ग दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन (प्र.) लि. नेपाल जे. भीले गरिरहेको छ ।

जसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउनका लागि आवश्यक दुई वटा डाइभर्सन सुरुङ, बाँधको दायाँ तथा बायाँतर्फबाट स्लोप कटानलगायतका निर्माणकार्यहरूभइरहेका छन् । ५३८.५ मिटर लम्बाइकोडाइभर्सन सुरुङ-१ र ६२२.५ मिटर लम्बाइ भएको डाइभर्सन सुरुङ-२को वारपार गरी (ब्रेक थ्रू) कंक्रिट लाइनिङको काम भइरहेको छ ।

प्योकेज-२ अन्तर्गत सिनो हाइड्रो कर्पोरेसन, चीनले भूमिगत विद्युतगृह, मुख्य सुरुङ, र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायतका कार्यहरू गरिरहेको छ । विद्युतगृह खन्ने कार्य सम्पन्न गरी कंक्रिटिङ कार्य गरिरहेको छ । टेलरेस सुरुङ निर्माण अन्तिम चरणमा छ । पेनस्टक पाइप जडान तथा सर्ज ट्यांक निर्माण कार्य जारी रहेको छ । १४५६ मिटर मुख्य सुरुङमध्ये ७९० मिटर खन्ने कार्य सम्पन्न भएको छ ।

प्याकेज-३ अन्तर्गत केइसी इन्टर नेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण कार्य गरिरहेको छ । प्रसारण लाइनका ९४ वटा टावरमध्ये ५१ वटा टावरको जग हालिएको छ । साथै, ३२ वटा टावर जडान कार्य, ०.९८८३ कि.मि. तार तान्ने र ८ वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको छ । एक स्थानमा टावर जडान, दुई स्थानमा संरक्षण कार्य र ६ स्थानमा जग हाल्ने कार्य भइरहेका छन् ।

आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामिण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले ८ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# टेलिफोनको महसुल दर घटाउन भारतसँग सञ्चारमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भारतबाट नेपालमा टेलिफोन गर्दा लाग्दै आएको महसुल दर घटाउन भारत सरकारसँग आग्रह गरेका छन् । भारत सरकारका सञ्चार राज्यमन्त्री देभुसिन्ह चौहानसँग बुधबार नयाँदिल्लीमा भएको छलफलमा उनले सो आग्रह गरेकी हुन् ।

'नेपाल र भारतबीच टेलिफोन दरमा ठूलो असमानता छ, भारतमा बसोबास गर्ने नेपालीले नेपालमा टेलिफोन गर्दा अधिक शुल्क लाग्ने गरेको गुनासो गर्ने गरेका छन्', सरकारका प्रवक्ता शर्माले भनिन्, 'दुवै देशबीच रहेको टर्मिनल चार्जमा पुनरावलोकन गरी सुलभ महसुल दरमा सेवा उपलब्ध गराउनुपर्ने देख्दछु ।'

नेपाल र भारत नजिकका छिमेकी भएकाले दूरसञ्चार सेवामा बेलाबखत अन्तरदेशीय अवरोध हुने र कतिपय अवस्थामा नेपालको भित्री भागसम्म पनि भारतीय मोबाइल सेवा उपलब्ध हुने गरेकाप्रति ध्यानाकर्षण गराउँदै उनले त्यसमा दुवै देशका सेवाप्रदायक र नियामक सजग हुनुपर्नेमा जोड दिइन् ।

मन्त्री शर्माले भारतीय टेलिभिजन च्यानल नेपालमा सहजै प्रसारण हुने तर नेपाली च्यानल भने भारतमा प्रसारण हुन कठिन रहेकातर्फ ध्यानाकर्षण गराउँदै मन्त्री शर्माले भनिन्, 'भारतमा नेपाली भाषीको ठूलो संख्या रहेकाले नेपाली च्यानलको सहज प्रसारण हुने वातावरण मिलाइदिन म विशेष आग्रह गर्दछु ।' उनले विशेषतः नेपाली च्यानल भारतमा डाउनलिंक गर्दा अत्यधिक शुल्क लाग्ने गरेकाले यो सम्भव नभएको हुँदा यसमा भारतीय सरकारबाटै विशेष निर्देश दिन आग्रह गरेको सञ्चार मन्त्रालयले जनाएको छ ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)** – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ७६ अंकले घटेर एक हजार नौ सय ३३ दशमलव २ ९ मा सीमित भएको छ ।

कारोबारमा ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३० अंकले घटेर तीन सय ६३ दशमलव ९१ मा झरेको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्य घटेको छ । विभिन्न कम्पनीका ३७ लाख ७७ हजार चार कित्ता सेयर रु एक अर्ब ३३ करोड ३७ लाख १९ हजार नौ सय २९ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ । यो कम्पनीको रु नौ करोड १९ लाख ९८ हजार २४ बराबरको सेयर कारोबार भयो ।

त्यस्तै एनआइसी एशिया बैंकको रु आठ करोड २४ लाख ९५ हजार चार सय ९४, हिमालयन डिस्टिलरीको रु चार करोड ५० लाख ५५ हजार चार सय ८७, नविल बैंकको सेयर रु तीन करोड ६३ लाख ८७ हजार चार सय २५ र शिवम् सिमेन्टको रु तीन करोड ५५ लाख २७ हजार चार सय ६४ बराबरको सेयर कारोबार भएको छ ।

कारोबारमा मायाँ खोला हाइड्रोपावर कम्पनीको सेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ । त्यस्तै सपोर्ट माइक्रो फाइनान्सको छ दशमलव ११, स्वाभिमान लघुवित्तको तीन दशमलव ६३ र इर्स्टन हाइड्रोपावरको तीन दशमलव १४ प्रतिशतले सेयर मूल्य बढेको छ । साथै बोट्लर्स नेपाल (तराई)को सात दशमलव ६२, सानिमा ग्रोथ फण्डको पाँच दशमलव ८५, धौलागिरि लघुवित्तको पाँच दशमलव ३९, मानुषी लघुवित्तको पाँच दशमलव शून्य तीन र न्यादी हाइड्रोपावरको सेयर मूल्य चार दशमलव १४ प्रतिशतले घटेको छ ।

# दुई उद्योगमाथि मुद्दा दायर

## ९७३ व्यावसायिक फर्मलाई कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षमा चितवन जिल्लामा सञ्चालनमा रहेका दुई उद्योगमाथि मुद्दा दायर गरेको जनाएको छ ।

नापतौल यन्त्रजाँचसम्बन्धी अनुमतिपत्र नलिई आफूखुसी नापतौल यन्त्रको प्रयोग गरेको पाइएपछि उक्त मुद्दा दायर गरिएको जनाइएको छ । कार्यालयका अनुसार चितवनमा रहेको खजुरी बिस्कुटको नेपाल प्रालि तथा याक विव्रिग




कम्पनीमाथि सम्बन्धित जिल्लामा सो मुद्दा दायर गरिएको कार्यालय प्रमुख मनिषकुमार दासले जानकारी दिए ।

साथै सो कार्यालयले चालु आवको साउनदेखि फागुनसम्म नापतौल यन्त्रको नवीकरण नगराउने र अटेर गर्ने नौ सय ७३ व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानमाथि कारबाही गरी जरिवानासमेत गरेको छ ।

उक्त अवधिमा कार्यालयले तीन सय ९१ व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानलाई नापतौलसम्बन्धी नयाँ इजाजतपत्र समेत प्रदान गर्नुका साथै आठ सय १४ व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानलाई नापतौल यन्त्रको नवीकरण गरी कूल दुई हजार एक सय ३२ व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानलाई नापतौल यन्त्रसम्बन्धी इजाजतपत्र प्रदान गरेको सो कार्यालयबाट उपलब्ध विवरणमा जनाइएको छ ।

नापतौलसम्बन्धी उपरोक्त कारोबारबाट विगत आठ महिनामा कार्यालयले रु ८० लाख २१ हजार आठ सय ५५ राजस्वसमेत संकलन गरेको छ । रौतहट, बारा, पर्सा, मकवानपुर र चितवन गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले आज हेटौँडामा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको अनुगमनको क्रममा प्रमुख दासले सो जानकारी दिएका हुन् ।

चालु आवको साउन महिनादेखि फागुन महिनासम्मको उपलब्ध सो विवरणमा उक्त कार्यालयले २४ पटक एकल अनुगमन तथा २२ पटक संयुक्त अनुगमनसमेत गरेको प्रमुख दासले भन्नुभयो । त्यस्तै कार्यालयले उक्त अवधिमा आफ्नो कार्यक्षेत्रमा रहेको पम्पको छ सय चार नोजलको जाँच तथा तीन सय छ वटा ट्यांकरको भेहिकल जाँचसमेत गरेको बताइएको छ ।

साथै सो कार्यालयले प्रत्येक शुक्रबारका दिन उद्योगको उत्पादन र नापतौल यन्त्रसम्बन्धी मोहबन्द प्याकेज तालिमसमेत दिँदै आएको प्रमुख दासले जानकारी दिए । नापतौल विभागले तोकेको मापदण्डविपरीत आफूखुसी उत्पादन नगर्नसमेत सचेत गराउँदै आएको छ । त्यस्तो गरेको पाइएमा रु पाँच हजारदेखि रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको सो कार्यालयले जनाएको छ ।

चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

चट्याङबाट बच्न

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा च्याप्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ